# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२० | काठमाडौं | शुक्रबार, ०६ चैत २०८२ | Prabhab National Daily | Friday, 20 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।
- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं।

स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## गगनले राजीनामा दिँदा अप्ठेरोमा कांग्रेस

निर्वाचन सम्पन्न भएलगत्तै मैले राजीनामा दिने मनस्थिति बनाएको थिएँ तर निर्वाचनसँग सम्बन्धित आफ्नो जिम्मेवारीसँग जोडिएका अन्य आवश्यक कार्यहरु सम्पन्न गर्नुपर्ने भएकोले ती सम्पन्न गर्नासाथ मैले यो राजीनामा पेस गरेको हुँ

**गगन थापा**
सभापति, नेपाली कांग्रेस

नैतिक जिम्मा लिन्छु भन्नू सकारात्मक । तर यतिबेलाको प्रधान नैतिक दायित्व स्थिति सम्हाल्ने दायित्व हो । बैठकमा प्रारम्भिक समिक्षा, राजीनामा पत्र र राजीनामा अस्विकृत गर्ने प्रस्ताव पेश हुनेछ

**विश्वप्रकाश शर्मा**
उपसभापति, नेपाली कांग्रेस



**प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचनमा कमजोर नतिजा आएको भन्दै कांग्रेस सभापति गगन थापाले राजीनामा दिएका छन् । सभापति थापाले आफूले निर्वाचन परिणाम आउनसाथ राजीनामा दिने मनस्थितिमा पुगेपनि केही जिम्मेवारी बाँकी रहेकोले ढिला भएको बताएका छन् ।

गगन उपसभापति विश्वप्रकाश शर्मालाई दिएको राजीनामा पत्रमा यसबारे लेखिएको नेताहरू बताउँछन् । 'निर्वाचन सम्पन्न भएलगत्तै मैले राजीनामा दिने मनस्थिति बनाएको थिएँ तर निर्वाचनसँग सम्बन्धित आफ्नो जिम्मेवारीसँग जोडिएका अन्य आवश्यक कार्यहरू सम्पन्न गर्नुपर्ने भएकोले ती सम्पन्न गर्नासाथ मैले यो राजीनामा पेस गरेको हुँ,' गगनले राजीनामा पत्रमा लेखेका छन् ।

फागुन २१ गते भएको प्रतिनिधि सभाको निर्वाचनमा कांग्रेसले प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी ३८ सिटमा जित निकालेको छ । यो चुनावी इतिहासमा कांग्रेसको सबैभन्दा कमजोर नतिजा हो । जसका कारण गगनलाई सभापतिबाट राजीनामा दिन दबाब परेको थियो ।

गगन गत पुस अन्तिम साता काठमाडौंको भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्वमा आएका हुन् । कांग्रेसको नेतृत्वमा आएलगत्तै पार्टीको केन्द्रीय समितिले गगनलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेको थियो । काठमाडौं ४ बाट चुनावी प्रतिस्पर्धा गर्दै आएका गगन यसपटक सर्लाही ४ पुगेर चुनी मैदानमा होमिएका थिए । तर गगन उक्त क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका अमरेशकुमार सिंहसँग पराजित भए । आफ्नै हार र पार्टीको पनि लज्जास्पद हार बेहोरेपछि उनी राजीनामा दिने मनस्थितिमा पुगेका थिए ।

विशेष महाधिवेशनबाट नेतृत्व बदलिए पनि निर्वाचनको मुखमा पर्याप्त समय नहुँदा सोचेको परिणाम नआएको गगनले बताएका छन् । 'पार्टीभित्र सुरू भएको परिवर्तनले कार्यकर्तामा उत्साह जगाए पनि आम मतदातासम्म 'बदलिएको कांग्रेस' को सन्देश प्रभावकारी रूपमा पुऱ्याउन पर्याप्त समय प्राप्त हुन सकेन,' उनले भनेका छन्, 'यसपटकको परिणामका प्रमुख कारणहरूमध्ये समयको यो सीमितता मुख्य कारण रहेको मेरो बुझाइ छ ।' यद्यपि आफ्नो नेतृत्वमा कांग्रेस निर्वाचनमा गएकोले नैतिकताको आधारमा राजीनामा दिएको उनले बताएका छन् ।

### केन्द्रीय समितिले के गर्ला ?

गगनले राजीनामा दिए पनि केन्द्रीय समितिमा औपचारिक जानकारी आइनसकेको कांग्रेस प्रवक्ता देवराज चालिसे बताउँछन् । पार्टीको विधिअनुसार सभापतिको राजीनामा केन्द्रीय समितिमा पेश हुनुपर्छ । 'केन्द्रीय समितिमा राजीनामा आइपुगेको छैन । यदि हो भने यसबारे केन्द्रीय समितिमा पेश भएपछि छलफल हुन्छ र निर्णय हुन्छ,' प्रवक्ता चालिसेले भने ।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले भने गगनको राजीनामा अस्विकृत हुने बताएका छन् । बिहीबार सामाजिक सञ्जालमार्फत शर्माले हारको दोष गगनलाई लगाउन नमिल्ने उल्लेख गर्दै राजीनामा पेश भए अस्विकृत प्रस्ताव पेश गरिने बताएका हुन् । 'नैतिक जिम्मा लिन्छु भन्नू सकारात्मक । तर यतिबेलाको प्रधान नैतिक दायित्व स्थिति सम्हाल्ने दायित्व हो ।

क्रमशः पृष्ठ २ मा

## रविलाई उन्मुक्ति दिने निर्णय न्यायिक परीक्षणमा

- २ फागुनमा भएको आरोपपत्र संशोधनको निर्णय झिकाउन आदेश
- ९ चैतमा मुद्दा हेर्न नमिल्नेबाहेकका न्यायाधीशबाट सुनुवाई गर्न पनि आदेश
- रविलाई जोगाउन खोज्दा सरकार कानुनी उल्झनमा

**जेबी योञ्जन**



**काठमाडौं–** सत्ता र शक्तिको चरम दुरूपयोग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जोगाउन मुद्दा फिर्ता लिनेगरी आरोपपत्र संशोधन गर्ने सरकारी निर्णय न्यायिक परीक्षणमा छ ।

सर्वोच्च अदालतले आरोपपत्र संशोधन गर्ने २ फागुनको निर्णय झिकाउन बिहीबार आदेश दिएको छ । यसअघि लिखित जवाफ पेस गर्दा महान्यायाधिवक्ता कार्यालयले आरोपपत्र संशोधनको निर्णय संलग्न गरेको थिएन । बिहीबार भने न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले निर्णय झिकाउन आदेश दिएको हो । ९ चैतमा हेर्न नमिल्नेबाहेकका न्यायाधीशबाट मुद्दाको सुनुवाई गर्न पनि आदेश दिएको छ ।

लामिछाने सहकारी ठगीबाहेक सम्पत्ति शुद्धीकरण र संगठित अपराधजजस्तो गम्भीर मुद्दाका पनि विपक्षी हुन् । उनीविरुद्ध काठमाडौं, कास्की, रूपन्देही र पर्सा जिल्ला अदालतमा यी दुई मुद्दा विचाराधीन छन् । सहकारी ठगी भने यी जिल्ला अदालतसँगै चितवनमा पनि छ । तर, सम्पत्ति शुद्धीकरण र संगठित अपराधजस्तो मुद्दा खेपिरहेका लामिछानेलाई उन्मुक्ति दिन महान्यायाधिवक्ता भण्डारीले आरोपपत्र नै संशोधन गर्ने निर्णय गत पुसको अन्तिममा लिएकी थिइन् ।

उक्त निर्णयमा लामिछानेमाथि राजनीतिक प्रतिशोधका आधारमा अभियोग लगाएको र बचतकर्ताको हितलाई प्राथमिकता दिनुपर्ने तर्क प्रस्तुत गरिएको थियो । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६ लाई अभियोग संशोधनको आधार बनाए पनि यो व्यवहारतः मुद्दा फिर्ता लिने कृत्य भएको रिट निवेदकको दाबी थियो ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिन संहिताको दफा ११६ ले रोक लगाएको अवस्थामा यस्तो निर्णय हुनु गलत भएको रिटमा दाबी गरिएको थियो । त्यहीबीच उक्त निर्णय विवादित भयो । तर, झनै २ फागुनमा त रवि, जीबी राईसहित ५० प्रतिशत सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधका आरोपीहरूलाई राहत पुग्नेगरी अर्को निर्णय भएको थियो । सोही निर्णय प्रथम दृष्टिमै गैरकानुनी, बद्नियत र स्वेच्छाचारितापूर्ण कदम भन्दै सर्वत्र विरोध भयो । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, कानुनका विद्यार्थी आयुश ढकाल र युवराज सफलले उक्त निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गर्न पुगे ।

यसबीचमा कानुन मिचिएको, बदनियत देखिएको र न्याय प्रक्रियामाथि हस्तक्षेप भएको भन्दै आलोचना बढ्यो । सर्वोच्चले पनि आरोपपत्र संशोधन गर्ने निर्णय मागेपछि सरकारलाई अप्ठेरो परेको छ । राजनीतिक स्वार्थप्रेरित निर्णय निल्नु न ओकल्नु भएको छ । कतिसम्म भने यसअघि नै लिखित जवाफ माग्दा पनि महान्यायाधिवक्ता कार्यालय मौन बसेको थियो । मौनताले कानुनलाई बाइपास गरेर राजनीतिक प्रभावमा निर्णय गरेको सङ्केत मिल्ने कतिपयको टिप्पणी छ ।

रिट निवेदकमध्येका वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आरोपपत्र संशोधन गर्ने सरकारको निर्णय बदरयोग्य रहेको बताए । उनले प्रभावसँग भने, 'जसरी सत्ता र शक्तिको दुरूपयोग गरेर रवि लामिछानेलाई सरकारले उन्मुक्ति दिन खोजियो, त्यो निर्णय बदरयोग्य हो ।'

त्रिपाठीले आरोपपत्र संशोधनको निर्णयलाई न्याय प्रणालीमाथिको प्रत्यक्ष आक्रमण भन्दै आलोचना गरे ।

उनका अनुसार, संगठित अपराध र सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर मुद्दामा सरकारको यस्तो हस्तक्षेपले कानुनी राज्यको आधार नै हल्लाउन सक्छ । सुशासनको नारा बोकेर आएको सरकारमाथि नै 'आफ्नालाई जोगाउने खेल' खेलेको आरोप लाग्न थालेको छ ।

लामिछाने पक्षीय वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले भने लामिछानेविरूद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा दुर्भावनापूर्ण अभियोजन गरिएको दाबी मंगलबार गरेका थिए । त्यही भएर ती दुबै मुद्दाको आरोपपत्र संशोधनको निर्णय सही भएको भन्दै रिट खारेजीको माग गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## युद्धबीच खाडीमा श्रमिकको माग

### पर्याप्त अध्ययन गरी पठाउन सकिने व्यवसायीको भनाई

हामीले सामाजिक सञ्जालमा देखेजस्तो पुरै देश युद्धग्रस्त छैन । मागपत्र प्रमाणीकरण नै रोक्नुपर्ने देखिँदैन । जोखिम क्षेत्रबाट टाढा भएका कम्पनीले त कामदार चाहियो भनिरहेका छन् ।

**महेशकुमार बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

अन्धाधुन्ध मिसाइल हान्दा केलाई सुरक्षा मान्ने केलाई नमान्ने भन्ने प्रश्न छ । तर पनि केही अपवादवाहेक अन्य ठाउँ सुरक्षित नै छन् । नयाँलाई खुलाउन परेको अवस्थामा असुरक्षित इलाकाबाहेकका ठाउँ खोल्दा फरक पर्दैन ।

**रामेश्वर नेपाल**
श्रमविद्




**ममता थापा**

**काठमाडौं–** जारी युद्धबीच खाडी मुलुकमा श्रमिकको माग आउन थालेको व्यवसायीले बताएका छन् । सरकारले खाडी मुलुकमा कार्यरत नेपाली श्रमिकको उद्धारको तयारी चलाइरहँदा व्यवसायीले भने यस्तो भयावह अवस्था नरहेको बताएका हुन् ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेत जोखिम नभएका क्षेत्रमा श्रमिकको माग बढेको बताउँछन् । 'हामीले सामाजिक सञ्जालमा देखेजस्तो पुरै देश युद्धग्रस्त छैन,' महासचिव बस्नेतले भने, 'मागपत्र प्रमाणीकरण नै रोक्नुपर्ने देखिँदैन । जोखिम क्षेत्रबाट टाढा भएका कम्पनीले त कामदार चाहियो भनिरहेका छन् ।' पछिल्लो जोखिमलाई मध्यनजगर गर्दै नेपाली दूतावासले भने मागपत्र प्रमाणीकरण स्थगित गरेको छ ।

संघले आफूहरू श्रमिक र रोजगारदातासँग निरन्तर समन्वयमा रहेको उल्लेख गर्दै त्यहाँका श्रमिक र कम्पनीसँग कुराकानी गर्दा सबै नेपालीलाई ल्याइहाल्न पर्ने अवस्था नपाएको बस्नेत बताउँछन् । असामान्य स्थिति आए के गर्ने भनेर विकल्प खोज्नु सरकारको जिम्मेवारी भएपनि तत्काल चरम संकट निम्तिने अवस्था नदेखिएको उनको भनाइ छ ।

'हामी निरन्तर रूपमा श्रमिक र कम्पनीसँग समन्वयमै छौं । अमेरिकी बेस क्याम्प आसपास भएका कम्पनीहरूमा चाहिँ काम भएको छैन,' बस्नेतले भने । इरान, इजरायल र अमेरिका संलग्न पश्चिम एसियाको युद्ध सुरु भएपछि मध्यपूर्वका १२ वटा मुलुकमा सरकारले श्रम स्वीकृति बन्द गरेको थियो । छुट्टीमा आएका श्रमिकको रोजगारी गुम्ने अवस्था देखिएपछि गत मंगलबारबाट पुनः श्रम स्वीकृति खुलाइएको छ । साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई), कतार, ओमान, बहराइन र कुवेत नेपालीका लागि प्रमुख रोजगार गन्तव्य हुन् । यी मुलुकमा रहेका अमेरिकी सैन्य बेस क्याम्पमा इरानले ड्रोन तथा मिसाइल आक्रमण गर्दा रोजगारीका गएका श्रमिकको अवस्था तनावपूर्ण बनेको छ भने दैनिक हजारौं युवा रोजगारीबाट वञ्चित छन् ।

क्रमशः पृष्ठ २ मा

## सांसदको शपथपछि बालेन प्रधानमन्त्री



बिहीबार चार नेताबीच भएको छलफलमा चैत १३ गते नयाँ सरकार गठन गर्ने विषयमा छलफल भएको रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले बताए

**काठमाडौं–** प्रतिनिधि सभाको निर्वाचनमा स्पष्ट बहुमत ल्याएको राष्ट्रिय प्रजातन्त्र पार्टीले नयाँ सरकार गठनको लागि छलफल थालेको छ । बिहीबार लाजिम्पाटस्थित रोयल सिङ्गीमा रास्वपाका सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन्द्र शाह बालेन, उपसभापतिद्वय डोलप्रसाद अर्याल र स्वर्णिम वाग्लेबीच नयाँ सरकार गठनको रणनीतिबारे छलफल भएको हो ।

निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएसँग नयाँ सरकार गठनको बाटो खुलेपछि रास्वपा छलफलमा जुटेको हो । बिहीबार चार नेताबीच भएको छलफलमा चैत १३ गते नयाँ सरकार गठन गर्ने विषयमा छलफल भएको रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । '१३ गते केही मन्त्रीसहित प्रधानमन्त्रीको शपथ हुनेछ । मन्त्री को-को हुन्छन् भन्ने विषयमा अहिले नै फाइनल भएको छैन,' महामन्त्री बुर्लाकोटीले भने ।

रास्वपाले यसपटक उपप्रधानमन्त्री कसैलाई नबनाउने नीति लिएको देखिन्छ । अर्थमन्त्रीमा उपसभापति वाग्लेको नाम अघि सार्दा गृहमन्त्री अर्का उपसभापति अर्यालको दाबी छ ।

नयाँ सरकार गठनको लागि बाटो खुलाउन राष्ट्रपतिको कार्यालय र संसद सचिवालयले तयारी गर्नुपर्छ । यसका लागि सबैभन्दा पहिले सांसदहरूले शपथ लिनुपर्छ । सांसदहरूको शपथ चैत १२ गते तय भएको संसद सचिवालयका प्रवक्ता एकराम गिरीले बताए । सांसदहरूलाई ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले शपथ खुवाउनेछन् भने पहिलो बैठक पनि उनैको अध्यक्षतामा चल्नेछ ।

संविधानअनुसार प्रधानमन्त्रीसहित २५ जनाको मन्त्रिपरिषद् रहने व्यवस्था छ । रास्वपाले १८२ सिटसहित बहुमत प्राप्त गरेसँगै वरिष्ठ नेता बालेनलाई प्रधानमन्त्री बनाउने तयारी गरेको छ । निर्वाचनअघि नै रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेको थियो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## रविलाई उन्मुक्ति...

त्यसक्रममा उनले सरकारी वकिल कार्यालय चितवनको अभियोजनलाई उदाहरण लिए । तर, यतिबेला सबैको नजर सर्वोच्च अदालततर्फ केन्द्रित भएको छ । अदालतले आरोपपत्र संशोधनको निर्णयलाई वैध ठहर गर्छ कि खारेज ? चासो त्यसतर्फ छ । हालै महान्यायाधिवक्ता सविता भण्डारीले लामिछानेलाई बढी मुद्दा भएका कारण आफूले घटाइदिन खोजेको तर्क गरेकी थिइन् । 'उहाँलाई मुद्दैमुद्दाको बोझ बढी भयो र घटाउन उचित ठानेँ,' उनले हालै एक मिडियासँग भनेकी थिइन् । तर, उनको यस्तो अस्वाभाविक कृपापूर्ण अभिव्यक्तिको आलोचना भइरहेको छ ।

यता मुद्दा नै मुद्दा खेपिरहेका लामिछाने हालै भएको प्रतिनिधिसभा निर्वाचनमा चितवन-२ बाट निर्वाचित भएका छन् । तर, सम्पत्ति शुद्धीकरण मुद्दाका कारण उनको पद निलम्बन हुने भन्दै उनले संसदीय प्रक्रियामा सहभागिता जनाउन नसक्ने कानुनविद्हरूले बताउने गरेका छन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने लामिछाने संसदीय प्रक्रियामा सहभागी हुन सक्ने बताएका थिए ।

■■■

## गगनले राजीनामा ...

बैठकमा प्रारम्भिक समिक्षा, राजीनामा पत्र र राजीनामा अस्विकृत गर्ने प्रस्ताव पेश हुनेछ,' उपसभापति शर्माले भनेका छन्, 'डढेलो निभाउन पुगेको व्यक्तिलाई आगलागीकै दोष बोकाउनु न्यायसंगत हुँदैन ।' गगनले फागुन २५ गते शर्मालाई भेटेर राजीनामा दिने मनसाय व्यक्त गरेका थिए । त्यतिबेला शर्माले राजीनामा दिन नहुने सुझाव दिएका थिए । शर्मा फागुन २१ गते सम्पन्न निर्वाचनका कमान्डर हुन् । उपसभापति शर्मा र उपसभापति पुष्पा भुसालसहित ५ पदाधिकारी चुनावमा उत्रिएनन् । निर्वाचनमा उत्रेका कांग्रेसका सभापतिसहित दुई महामन्त्री र सहमहामन्त्रीहरू निर्वाचित हुन सकेनन् । योसँगै कांग्रेसमा नेतृत्वको राजीनामाको आवाज उठेको हो । खासगरी पूर्वसंस्थापन पक्षले गगनको राजीनामा माग गरिरहेका छन् । विशेष महाधिवेशनबाट गठन भएको १३८ सदस्यीय केन्द्रीय समितिमा गगनले राजीनामा दिनुपर्छ भन्ने एक जना पनि छैनन् ।

### किचलो सर्वोच्चमा पनि

पुस २७ गतेदेखि माघ १ गतेसम्म भएको विशेष महाधिवेशनको नयाँ नेतृत्वले एकदिन पछि निर्वाचन आयोगबाट मान्यता प्राप्त गरेको थियो । त्यही अवधिमा पूर्व सभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनबाट आएको नेतृत्व अवैध भएको भन्दै सर्वोच्च अदालत पुगेको थियो ।

उक्त रिटलाई अदालतले अन्तरिम आदेश नदिएसँगै सभापति थापाको नेतृत्वमा चुनावमा जाने बाटो खुलेको थियो । २०७४ सालदेखि चुनावी गठबन्धन गर्दै आएको कांग्रेसले यसपटक अन्य दलसँग तालमेल नगरी चुनावी प्रतिस्पर्धा गर्‍यो । १६५ निर्वाचन क्षेत्रमा उम्मेदवार बनाउँदा पार्टीभित्रका तीन समूहबाट नै टिकट प्राप्त गर्नेहरू थिए । विशेष महाधिवेशन पक्षधर, पूर्व सभापति देउवा पक्ष र नेता डा.शेखर कोइराला पक्षकालाई टिकट वितरण गरिएको थियो ।

सर्वोच्चले आइतबार देउवा समूहले हालेको रिटलाई पेशीमा चढाएको थियो । अग्राधिकारमा राखेको उक्त मुद्दा हेर्न नभ्याइनेमा राखेयता पेशीमा चढेको छैन । देउवा समूह सर्वोच्चको आदेशपछिमात्र कदम चाल्ने पक्षमा देखिन्छ । अहिलेको केन्द्रीय समितिका केही नेताहरू भने गगनले राजीनामा नदिइ नियमित महाधिवेशनको मिति तोक्नुपर्ने बताउँछन् । 'सभापतिले राजीनामा दिने हैन । नियमित महाधिवेशन गराउने हो,' कांग्रेसका एक पदाधिकारीले भने । विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिले ६ महिनाभित्र नयाँ कार्यसमिति चयनका लागि महाधिवेशन गर्नुपर्ने कांग्रेस विधानमा तय गरिएको छ ।

■■■

## युद्धबीच खाडीमा...

व्यवसायीले भने झैं सुरक्षित स्थानमा रहेका कम्पनीमा श्रमिक पठाउन सकिने विज्ञको भनाइ छ । प्रभावित मुलुकका सबै क्षेत्र असुरक्षित नभएको श्रमविद् रामेश्वर नेपाल स्विकार्छन् । सुरक्षित रहेका क्षेत्रको अवस्थाबारे आवश्यक अध्ययन गरेर नयाँ श्रम स्वीकृति पनि खुलाउन सकिने नेपालले बताए । 'अन्धाधुन्ध मिसाइल हान्दा केलाई सुरक्षा मान्ने केलाई नमान्ने भन्ने प्रश्न छ । तर पनि केही अपवादबाहेक अन्य ठाउँ सुरक्षित नै छन् । नयाँलाई खुलाउन परेको अवस्थामा असुरक्षित इलाकाबाहेकका ठाउँ खोल्दा फरक पर्दैन,' नेपालले भने, 'तर अनुमानको भरमा खुलाउने होइन । सुरक्षालाई प्राथमिकतामा राखेर आपतकालीन अवस्थामा त्यहाँको सरकारले के-के गर्नसक्छ, नयाँ जानेहरूको सुरक्षाको प्रोटोकल के-के हुन्छन् सबै निर्धारण गरेपछि मात्र खोल्न पर्छ ।'

आफू आवद्ध सञ्जालले निरन्तर श्रमिकहरूसँग परामर्श गरिरहेको उल्लेख गर्दै नेपालले सुरुका दिनमा काम बन्द भएपनि पछिल्ला दिनमा नेपालमा भनिएजस्तो हाहाकारको स्थिति नभएको प्रतिक्रिया श्रमिकहरूले दिएको उनको भनाइ छ । परराष्ट्र मन्त्रालयले भने परिस्थिति थप बिग्रिए नेपालीलाई पानी जहाजबाट समेत उद्धार गर्नेगरी योजना बनाइरहेको छ । तत्काल ती मुलुकबाट सबैलाई फिर्ता ल्याइहाल्नपर्ने स्थीति नभएको नेपाल बताउँछन् । 'तयारीमा चाहिँ बस्नुपर्छ । थोरै हुनसक्छ उद्धार गर्नुपर्ने अवस्था,' उनले भने ।

मध्यपूर्वको युद्ध गत फेब्रुवरी २८देखि जारी छ । चालु आर्थिक वर्ष २०८२/८३को आठ महिनामा संस्थागत व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर पाँच लाख ३१ हजार १२० जना वैदेशिक रोजगारीमा गएका छन् । जसमध्ये एक लाख ७३ हजार ४६७ जना संस्थागत र व्यक्तिगत माध्यमबाट खाडीका छ वटा मुलुकमा गएका छन् । ती मुलुकमा एक लाख ८८ हजार ९० जना पुनः श्रम स्वीकृति लिएर गएको तथ्याङ्क छ । यो तथ्याङ्कअनुसार चालु वर्षमा खाडीमा प्रत्येक दिन औसतमा ७२२ जना पहिलोपटक रोजगारीको खोजिमा गएका छन् भने पुनः श्रम स्वीकृति लिएर दैनिक ७८४ जना गएको देखिन्छ । यसलाई आधार मान्दा गत २० दिनमा पहिलोचोटि रोजगारीमा जाने १४ हजार ४४० जनाले उक्त अवसर गुमाएका छन् ।

### खाडी इरान तित्कता चुलिँदै

युद्धको प्रभाव खाडी मुलुकका सबै क्षेत्रमा नपरेको बताइँदै गर्दा खाडी-इरान सम्बन्ध चिसिँदै जान थालेको छ । सुरुमा इरानले खाडीमा रहेका अमेरिकी सैन्य क्याम्पहरूमा मात्र आक्रमण गरेको थियो । त्यसपछि इरानको निसाना एक ठाउँमा मात्र सीमित देखिँदैन । पछिल्ला दिनहरूमा ती मुलुकका विमानस्थल, होटेल, उर्जा केन्द्र आदिमा आक्रमण गर्दा खाडीका देशहरू इरानदेखि बिच्किन थालेका छन् । बिहीवार इजरायलले इरानमा रहेको विश्वकै ठूलो साउथ पार्स ग्यासफिल्डमा आक्रमण गर्दा जवाफमा इरानले साउदी, कतार र यूएईमा उर्जा केन्द्रमा आक्रमण गर्‍यो । जसमा कतारको रास लफ्फान औद्योगिक सहरमा आगजनी भएको छ । त्यसपछि कतारले आफ्ना मुलुकमा भएका इरानी सैन्य अधिकारी, दूतावासका कर्मचारी लगायतलाई तत्काल मुलुक छोड्न आदेश दिएको छ । साउदीले इरानमाथि भएको थोरै विश्वास पनि गुमेको बताएको छ ।

इरानी आक्रमणबाट खाडीमा कार्यरत धेरै श्रमिकको ज्यान गइसकेको छ । बिजनेस एन्ड ह्युमन राइट्स सेन्टरका अनुसार बिहीबारसम्म खाडीमा कार्यरत भारतका पाँच, बंगलादेशका चार, पाकिस्तानका दुई र नेपाली एक जना श्रमिकको मृत्यु भइसकेको छ ।

■■■

## सांसदको शपथपछि...

शपथलगत्तै रास्वपाले संसदीय दलको नेतामा बालेनलाई छनोट गरी नयाँ सरकार गठनको प्रक्रिया अघि सार्ने जनायो ।

### दलको कार्यालय साटफेर

संघीय संसद् सचिवालयले प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने ६ वटा राजनीतिक दललाई संसदीय दलको कार्यालय उपलब्ध गराएको छ । सचिवालयले बिहीबारदेखि ती दललाई कार्य सम्पादनका लागि कार्यालयको व्यवस्था मिलाएको हो । सचिवालयका प्रवक्ता गिरीले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी कार्यालय व्यवस्थापन गरिएको जानकारी दिए । उनका अनुसार ठूलो दलका रूपमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई यसअघि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले प्रयोग गर्दै आएको कार्यालय उपलब्ध गराइएको छ । अन्य दललाई उनीहरूको सदस्य संख्याका आधारमा स्थान बाँडफाँट गरिएको सचिवालयले जनाएको छ ।

बिहीबार सचिवालयले ६ वटा दलका प्रतिनिधिसँग शपथ ग्रहण, कार्यालय व्यवस्थापन र सांसदका लागि सञ्चालन गरिने अभिमुखीकरण कार्यक्रमका विषयमा छलफल गरेको थियो । छलफलका क्रममा दलका प्रतिनिधिहरूले सांसदका लागि प्रदान गरिने अभिमुखीकरण सैद्धान्तिकभन्दा व्यवहारिक पक्षमा केन्द्रित हुनुपर्ने सुझाव दिएका छन् ।

सचिवालयले दलका प्रतिनिधिलाई कार्यालयको प्रत्यक्ष अवलोकन गराउनुका साथै आवश्यक सुधारका लागि सुझाव समेत संकलन गरेको छ । संसदीय दलको कार्यालय व्यवस्थापन कार्य चुनौतीपूर्ण रहे तापनि संसद्को गरिमा र दलको आवश्यकतालाई मध्यनजर गर्दै कार्य अगाडि बढाइएको प्रवक्ता गिरीले बताए ।

# वन डढेलो नियन्त्रणका लागि समुदायस्तरसम्म सचेतनामूलक कार्यक्रम

**दमौली (तनहुँ)**– डिभिजन वन कार्यालय तनहुँले वन डढेलो नियन्त्रणका लागि सामुदायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारेको छ । वन क्षति न्यूनीकरण र समुदायलाई जिम्मेवार बनाउने लक्ष्यसहित समुदायस्तरमा पुगेर वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जानकारी दिए ।

उनका अनुसार जिल्लामा ६२५ वटा सामुदायिक छन् । बाँदर र अन्य वन्यजन्तुले बाली र वनस्पतिमा क्षति पुर्‍याएको भन्दै कतिपयले जानीजानी सामुदायिक वनमा डढेलो लगाउने गरेको पाइएकाले सचेतना कार्यक्रम आवश्यक रहेको रानाभाटले बताए । उनले भने, 'कतिपय स्थानमा किसानहरूले बाँदरले समस्या पुर्‍याएको भन्दै जानीजानी डढेलो लगाउने गरेको पाइन्छ । यसबाट वनमा व्यापक क्षति हुने र वातावरणीय सन्तुलन बिग्रने खतरा बढ्ने भएकाले सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएका छौं ।'

उनका अनुसार वन डढेलो सप्ताहव्यापी कार्यक्रमको लक्ष्य भनेको डढेलो लाग्न नदिनु र लागेमा सुरक्षित रूपमा नियन्त्रण गर्नु हो । 'वन डढेलो नियन्त्रणमा सबैभन्दा नजिक समुदाय छन् । त्यसैले सबै तहका समुदायलाई परिचालन गरेर सूचना, उपाय र सुरक्षा सम्बन्धी प्रशिक्षण दिने योजना बनाइएको छ,' उनले भने ।

प्रमुख रानाभाटका अनुसार प्रत्येक सामुदायिक वनमा आगो लगाउने जोखिम र त्यसबाट हुने नोक्सानीसम्बन्धी जानकारी प्रदान गरिने छ । सुरक्षित डढेलो नियन्त्रण विधि ८८ र आकस्मिक अवस्था सामना गर्ने उपायबारे प्रशिक्षण गराइने । सबै सदस्य सचेत भएनन् भने डढेलो नियन्त्रण प्रभावकारी हुन नसक्ने भएकाले समुदायसँग सहकार्य र निरन्तर संवाद गरिने उनको भनाइ छ । रानाभाटका अनुसार सर्वसाधारणले घर नजिकैको पातपतिंगर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/३१ मा दर्ता भएको **अतिथि एग्रो एण्ड मल्टिपपोज फर्म प्रा. लि. (प्रा. लि. नं. २४२०४६/०७७/०७८)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/०५ गतेको विशेष बैठकले निर्णय गरेकाले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०८०/०४/२८ मा दर्ता भएको श्री **तरेवा सेकुवा कर्नर एण्ड बार प्रा.लि. (प्रा.लि. नं. ३१६८७३)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/०६ गते**

यस कम्पनीको मिति २०८२/११/२९ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **श्रीज्मा एजुकेशन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.एम.डब्लु.एजुकेशनल कन्सल्टेन्सी चितवन प्रा.लि. (प्रा.लि.नं.१६०६९२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७३/०८/०६ मा दर्ता भएको प्रा.लि.नं. १५८७३५ को **मोसन मोटरर्स आई.एन.सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/११/२३ मा दर्ता भएको प्रा.लि.नं. २१०२१७ को **वि.एस. फोर ग्रुप प्रा.लि.** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---


**मलेसियामा रोजगार** कम्पनी : ALUPUTER MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ LT. No. 340035 चलानी नं. ६०२५३७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Operator | 13 | 0 | 1700 | ६९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १३ गते (27th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**मलेसियामा रोजगार** कम्पनी : MTS SEA SUN SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ LT. No. 340055 चलानी नं. ६०२५३५३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo worker | 30 | 0 | 1700 | ६३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १३ गते (27th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com



**साउदीमा रोजगार** कम्पनी : ASHCROFT AL RUSHAID INSTRUMENT CO. LTD.

पूर्व स्वीकृति मिति : २०८१/११/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०५ LT. No. 319258 चलानी नं. ६०२३३४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४७,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १३ गते (27th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com


---

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, ०६ चैत, २०८२

| | |
|---|---|
| मेष | मन व्यथित हुने समय रहेको छ । हनुमानजिको ध्यान गर्नाले दिन शुभ रहनेछ । |
| वृष | मन प्रफुलल रहनेछ । सेतो वस्तु दान गर्नाले लाभ मिल्नेछ । |
| मिथुन | विवाद बढ्ने योग रहेको छ । श्रीमन्नारायणको स्तुति गर्दा लाभ मिल्नेछ । |
| कर्कट | खर्च बढ्ने योग रहेको छ । दहि खाएर हिड्नु राम्रो हुन्छ। |
| सिंह | मनमा एक प्रकारको उदि्बग्नता छाउनेछ । सूर्य लाई जल चढाएमा लाभ मिल्नेछ । |
| कन्या | नयाँ काम पाइने योग रहेको छ । गणेशजीको पूजा गरेमा बाधा हटेर जनेछ । |
| तुला | पुराना मित्रहरू भेटिनेछ । सेतो मीठाई खाएर दिनको सुरुवात गर्नु शुभ हुन्छ । |
| वृश्चिक | आध्यात्मिकता तिर मन जानेछ । गणेशजीको स्मरण गरेमा कार्य सिद्धि हुनेछ । |
| धनु | पारिवारिक विवाद बढ्न सक्छ । अमिताभ बुद्धको स्मरणमा मन लगाउनुहोला । |
| मकर | जिद्दीपन बढेर जानेछ । महाकालीको स्तुति गरेमा लाभ मिल्नेछ । |
| कुम्भ | पुरानो सम्बन्धको यादले सताउनेछ । भगवान रामको नाम जप गर्नुहोला । |
| मीन | प्रेमी-प्रेमिका बिच सम्बन्धमा कटुता छाउनेछ । उमामहेश्वरको पूजा गरेमा बाधा हटेर जानेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ चैत, २०८२ (२० मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.९२ | १४८.५२ |
| युरो | १ को | १७०.५९ | १७१.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.४५ | १९८.२५ |
| स्विस फ्रैन्क | १ को | १८८.११ | १८८.८७ |
| अस्ट्रेलियन डलर | १ को | १०४.९२ | १०५.३५ |
| क्यानाडियन डलर | १ को | १०८.०० | १०८.४४ |
| सिङगापुर डलर | १ को | ११५.७८ | ११६.२४ |
| जापानी येन | १० को | ९.३० | ९.३४ |
| चिनियाँ युआन | १ को | २१.५२ | २१.६१ |
| साउदी अरब रियाल | १ को | ३९.४० | ३९.५६ |
| कतारी रियाल | १ को | ४०.४७ | ४०.६३ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.२७ | ४०.४४ |
| मलेसियन रिङेट | १ को | ३७.७७ | ३७.९२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९१ | ९.९५ |
| स्विडिस क्रोनर | १ को | १५.८८ | १५.९४ |
| डेनिस क्रोनर | १ को | २२.८३ | २२.९२ |
| हङकङ डलर | १ को | १८.८७ | १८.९५ |
| कुवेती दिनार | १ को | ४८२.४५ | ४८४.४१ |
| बहराइन दिनार | १ को | ३९१.७४ | ३९३.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दुइदिने त्रिमुलको अभिषेक सम्पन्न



■ बुद्ध योन्जन लामा

**काठमाडौं,** समस्त जगत प्राणी हितको लागि आयोजित दुइ दिने त्रिमूलः गुरु, इष्टदेव र डाकिनी (चासुमःलामा, हिदम र खाण्डो) को अभिषेक (वाङ) सम्पन्न भएको छ । चैत ४ र ५ गते बौद्धनाथ क्षेत्र विकास समितिको आयोजनामा छ्योर्तेन टासी केन्द्रीय तामाङ गुम्बा र बौद्ध जागरणको व्यवस्थापनमा सम्पन्न भएको हो । तामाङ टुल्कु लोसाङ नाम्गेल रिन्पोछेको अनुरोधमा क्याब्जे सेचेन रब्ज्याम रिन्पोछे ज्यूबाट वाङ प्रदान गर्नु भएको थियो ।

बौद्ध नयाँवस्ती बाहुनधारामा रहेको बुद्ध एकेडेमीमा भएको कार्यक्रममा विभिन्न जिल्लामा रहेका गुम्बाहरूबाट लामाज्यूहरू, म्हानिपा समूह, उपासक-उपासिका गरी लगभग छ हजार भन्दा बढी बौद्ध धर्मावलम्वीहरूको सहभागिता रहेको बौद्धनाथ क्षेत्रविकास समितिका कार्यकारी निर्देशक मोहनकुमार तामाङले बताउनुभयो । दुइ दिने कार्यक्रममा लोसाङ नाम्गेल रिन्पोछे, बौद्धनाथ क्षेत्र विकास समिति, छ्योर्तेन टासी केन्द्रीय तामाङ गुम्बा, खान्डोमा म्हानिपा आमा समूह, बुद्ध एकेडेमीले रिन्पोछे ज्यूमाकुसुम म्हेन्डल अर्पण गरेको छ्योर्तेन टासी केन्द्रीय तामाङ गुम्बाका अध्यक्ष हरिबहादुर बलले जानकारी दिनुभयो ।

धेरै वर्ष अघिदेखि यस खालको कार्यक्रम आयोजना गर्ने सोच भएपनि यो वर्षमात्र रिन्पोछे ज्यूको समय जुरेको बताउनुहुँदै क्याब्जेसेचेन रब्ज्याम रिन्पोछे प्रति बौद्धनाथ क्षेत्रविकास समितिका अध्यक्ष राजकुमार लामाले आभार व्यक्त गर्नुका साथै सम्पूर्ण सहभागी लामा, म्हानिपाआमा समूह, व्यवस्थापन टोली, विभिन्न संघ/संस्थालगायत सहभागी सबैलाई धन्यवाद दिनुभयो । साथै आजै क्याब्जे सेचेन रब्ज्याम रिम्पोछे ज्यूको करकमल बाहुलीबाट छ्योर्तेन टासी तामाङ गुम्बामा निर्माण सम्पन्न भएको गुरु रिन्पोछे र चेन्रेसिगको कू (मूर्ति) को ह्राब्ने कार्य सम्पन्न भयो ।

# चुनावी रिपोर्ट राष्ट्रपति पौडेलसमक्ष पेश



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गरेकामा निर्वाचन आयोगलाई धन्यवाद दिएका छन् । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको निर्वाचन परिणामसहितको प्रतिवेदन प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६२ बमोजिम बिहीबार बुझ्दै राष्ट्रपति पौडेलले आयोगलाई धन्यवाद दिएका हुन् ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन व्यवस्थापनका सम्बन्धमा सम्पादन गरिएका काम र निर्वाचन परिणामको सारसंक्षेप प्रस्तुत गरेका थिए । निर्वाचन परिणामअनुसार प्रतिनिधिसभा सदस्यमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ छ वटा राजनीतिक दलका १६४ जना र एक जना स्वतन्त्र उम्मेदवार गरी जम्मा १६५ जना उम्मेदवार निर्वाचित भएका थिए ।

त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ छ वटा राजनीतिक दलका ११० जना उम्मेदवार निर्वाचित भएका छन् । कुल २७५ जना सदस्य रहेको प्रतिनिधिसभामा पुरुष १७९ र महिला ९६ निर्वाचित भएका छन् । आदिवासी जनजाति समूहतर्फ २१.०९, खसआर्य समूहतर्फ ४९.०९, थारु समूहतर्फ ३.२७, दलित समूहतर्फ ६.१८, मधेसी समूहतर्फ १६.७३ र मुस्लिम समूहतर्फ ३.६४ प्रतिशत सदस्य निर्वाचित भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले दिए ।

एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा भाग लिने प्रयोजनका लागि १२ राजनीतिक दलले पाँच वटा र १०२ राजनीतिक दलले आ-आफ्नो चुनाव चिह्न लिइ निर्वाचनमा भाग लिने गरी जम्मा ११४ दलले १०७ वटा चुनाव चिह्नमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिन दल दर्ता गराएका थिए ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ वटा चुनाव चिह्नमा ६५ राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ वटा निर्वाचन चिह्नमा ६३ राजनीतिक दल निर्वाचनमा सहभागी थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला ३८८, पुरुष तीन हजार १७ र अन्यबाट एक गरी कुल तीन हजार ४०६ जनाको अन्तिम उम्मेदवारी कायम रहेको थियो ।

त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला एक हजार ७७२ र पुरुष एक हजार ३६३ गरी तीन हजार १३५ जना उम्मेदवारको अन्तिम बन्दसूची कायम गरिएको उनले बताए ।

निर्वाचनका लागि महिला ९२ लाख ४० हजार १३१, पुरुष ९६ लाख ६३ हजार ३५८ र अन्य २०० गरी कुल १ करोड ८९ लाख ०३ हजार ६८९ मतदाता कायम रहेका थिए । अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरूमध्येबाट मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीमा एक लाख ८६ हजार १४२ मतदाता रहेका थिए । अस्थायी मतदाताहरूलाई प्रतिनिधिसभाको समानुपातिक निर्वाचनतर्फ मतदान गर्ने व्यवस्था मिलाइएको थियो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनमा एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएकामा एक करोड पाँच लाख ५९ हजार १७ (९४.५५प्रतिशत) मत सदर भएकामा ५.४५ प्रतिशत मत बदर भएको छ ।


## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२।१२।०६**

यस कार्यालयबाट मिति २०८२।१०।१५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र **www.bolpatra.gov.np/egp** मा दर्ता हुन आएका बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धमा पहिलो चरणको प्राविधिक मूल्याङ्कनमा सफल भई आर्थिक प्रस्तावमा तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको सात(७) दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.स | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने.रू.( VAT र PS सहित) |
|---|---|---|---|
| १ | URM/NCB/Works/06-2082/83,construction and Upgrading of Lalahari-Parewabhir Tatha Gohiya Sadak Ward No.01 | DB Construction, Tapli-5, Udayapur | रू. ११३२९७८.५६/-(अक्षेरूपी एघार लाख बत्तिस हजार नौ सय अठहत्तर रूपैंया र छपन्न पैसा मात्र) |
| २ | URM/NCB/Works/07-2082/83, Hajare Bahunitar Sadak RCC Pavement Works in Ward No.01 | Tawashree Construction and Suppliers Pvt.Ltd., Katari, Udayapur | रू.१६३१५४९.७३/-(अक्षेरूपी सोह्र लाख एकतिस हजार पाँच सय उनन्चास रूपैंया र त्रिहत्तर पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## Sunkoshi Rural Municipality
## Office of the Rural Municipal Executive
**Mulkharkha, Okhaldhunga**
**Koshi Province, Nepal**

## Notice of Invitation For Sealed Quotation

**Date of Notice Publication : (2026-03-20 A.D.) 2082-12-06 B.S.**

1) Sunkoshi Rural Municipality, Mulkharkha, Okhaldhunga invites electronic bids from eligible Nepalese bidders for the following works.

| S. N. | Contract/ Identification No. | Name of Contract | Estimated Amount (without VAT, Contingency & PS) | Quotation Security Amount | Quotation Fee Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 06/SQ/WORKS/ SRM/082/83 | Katunje Ma. Vi. Ward No. 9 Khelmaidan Starunnati | 9,51,986.39 | 26,000 | 1,000 | First Time |
| 2 | 03/SQ/WSWORKS/ SRM/082/83 | Kirpetar Khanepani Yojana Sunkoshi 9 Kakani | 12,80,500.11 | 35,000 | 1,000 | Second Time (Re-Bid) |
| 3 | 05/SQ/WORKS/ SRM/082/83 | Wadastariya Sadak Starunnati, Sunkoshi-4 | 9,12,573.13 | 25,000 | 1,000 | |

| Deadline Date, Time for Sealed Quotation Submission | Opening Date, Time & Place of Sealed Quotation |
|---|---|
| 2082/12/20 B.S. (2026/03/20 A.D.) till 12:00 noon | 2082/12/22 B.S. (2026/04/05 A.D.) at 14:00 hours Sunkoshi Rural Municipality, Mulkharkha, Okhaldhunga |
| **For Quotation Fee** | **For Quotation Security** |
| Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account Name:: SUN GA. PA. AANTARIK RAJASWO GA-1.1<br>Account No. : **0950073610000031**<br>Rajaswa (Internal Revenue) Shirshak No. : 14229<br>Office Code No. : 801011008 | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account Name : SUNKOSHI GA.PA.DHARAUTI GA-3<br>Account No. : **0950073610000045**<br>Rajaswa (Internal Revenue) Shirshak No . : 14229<br>Office Code No. : 801011008 |

2) Eligible Bidders may obtain further information at Office of Sunkoshi Rural Municipality, Office of Rural,Municipal, Mulkharka, Okhaldhunga, or ay visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**युएइमा रोजगार** कम्पनी : RAK Cleaning Solutions LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०५ | LT. No. 320312 | चलानी नं.६०२३४४५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLENAER | 100 | 100 | 800 | ३२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १३ गते (27th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com



**ओमनमा रोजगार** कम्पनी : PEKING FOOD INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ | LT. No. 340150 | चलानी नं. ६०२५३५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 8 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १३ गते (27th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814, +977-1-4984392, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारत/चीनबाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| S.No. | Goods Description | Brand | Model | Capacity | Country of Origin | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | Videocon Life | VD-70SH | 70 LTR | India | Pc | 21200 |
| 2 | Refrigerator | Videocon Life | VD-120SH | 120 LTR | India | Pc | 22800 |
| 3 | Refrigerator | Videocon Life | VD-1855SHD/BRD | 185 LTR | India | Pc | 29000 |
| 4 | Refrigerator | Videocon Life | VD-1855CRD/CBD/GRF/GBF | 185 LTR | India | Pc | 29600 |
| 5 | Refrigerator | Videocon Life | VD-2105SHD/BRD/QSHD | 210 LTR | India | Pc | 31500 |
| 6 | Refrigerator | Videocon Life | VD-2105CRD/CBD | 210 LTR | India | Pc | 31500 |
| 7 | Refrigerator | Videocon Life | VD-2105QBBD/QRRD/QBBD2/QRRD2 | 210 LTR | India | Pc | 32000 |
| 8 | Refrigerator | Videocon Life | VD-2255SHD/BRD | 225 LTR | India | Pc | 33500 |
| 9 | Refrigerator | Videocon Life | VD-2255DRD/DBD/QRRD/QBBD | 225 LTR | India | Pc | 34500 |
| 10 | Refrigerator | Videocon Life | VD-2455SHD | 245 LTR | India | Pc | 36500 |
| 11 | Refrigerator | Videocon Life | VD-2455QBBD/QRRD/DRD/DBD | 245 LTR | India | Pc | 37500 |
| 12 | Visi Cooler | Videocon | VD250SC | 250 LTR | China | Pc | 54300 |
| 13 | Visi Cooler | Videocon | VD350SC | 350 LTR | China | Pc | 61200 |
| 14 | Visi Cooler | Videocon | VD600SC | 600 LTR | China | Pc | 106500 |
| 15 | Washing Machine | Videocon | VD-8.0 PRO+ | 8.0 KG | China | Pc | 24800 |
| 16 | Washing Machine | Videocon | VD-7.5WMI | 7/7.5 KG | China | Pc | 48500 |
| 17 | Washing Machine | Videocon | VMFL8.5U-CNOP / VD-8.5F1AI | 8/8.5 KG | China | Pc | 50750 |
| 18 | Washing Machine | Videocon | VD-10.5DDI | 10/10.5 KG | China | Pc | 54500 |
| 19 | Washing Machine | Videocon | VD-8.5DDI | 8/8.5 KG | China | Pc | 51500 |
| 20 | Washing Machine | Videocon | VD-14/10WMi | 14/10 kg | China | Pc | 83000 |
| 21 | Washing Machine | Videocon | VD-10.5DDDR | 10/10.5 KG | China | Pc | 63500 |
| 22 | Air Cooler | Dychi | DY-SUPER45 | 45 LTR | India | Pc | 10800 |
| 23 | Air Cooler | Videocon Life | VD-BLA51 | 51/55 LTR | India | Pc | 13500 |
| 24 | Air Cooler | Videocon Life | VD-HERCULES 80 RE | 80 LTR | India | Pc | 21400 |
| 25 | Air Cooler | Videocon Life | VD-SNOWCOOL 60 | 60 LTR | India | Pc | 15100 |
| 26 | Air Cooler | Videocon Life | VD-TOOFAN 65G | 65 LTR | India | Pc | 18500 |
| 27 | Air Cooler | Videocon Life | VD-THUNDER 70G | 70 LTR | India | Pc | 19000 |
| 28 | Air Cooler | Videocon Life | VD-RUBY 80 | 80 LTR | India | Pc | 17750 |
| 29 | Air Cooler | Videocon Life | VD-TOOFAN 90 | 90 LTR | India | Pc | 17800 |
| 30 | Air Cooler | Videocon Life | VD-MAHARAJA 100 | 100 LTR | India | Pc | 18100 |
| 31 | Air Cooler | Videocon Life | VD-T50R | 50 LTR | India | Pc | 16500 |
| 32 | Air Cooler | Videocon Life | VD-T35R | 35 LTR | India | Pc | 15000 |
| 33 | Refrigerator | GEM | GRDN-70HSTV/TP/WP | 70 LTR | India | Pc | 18000 |
| 34 | Refrigerator | GEM | GRDN-120HSTV/TP/WP | 120 LTR | India | Pc | 21500 |
| 35 | Refrigerator | GEM | GRDN-1751BRTC/NBTC/HSTP | 185 LTR | India | Pc | 26000 |
| 36 | Refrigerator | GEM | GRDN-1751TRBTV/TRWTV/RBBTV/RBWTV | 185 LTR | India | Pc | 27000 |
| 37 | Refrigerator | GEM | GRDN-1751CABTV/CAWTV/BLBTV/BLWTV | 185 LTR | India | Pc | 27000 |
| 38 | Refrigerator | GEM | GRDN-1751QTRBTV/QTRWTV/QRBBTV/QRBWTV | 185 LTR | India | Pc | 27500 |
| 39 | Refrigerator | GEM | GRDN2051TRBTV/TRWTV/RBBTV/RBWTV | 195 LTR | India | Pc | 28000 |
| 40 | Refrigerator | GEM | GRDN2051CABTV/GLWTV/DHBTV/BLWTV | 195 LTR | India | Pc | 28000 |
| 41 | Refrigerator | GEM | GRDN2301BRTC/NBTC/HSTP | 210 LTR | India | Pc | 28800 |
| 42 | Refrigerator | GEM | GRDN2301SHWTV/SHBTV/DHBTV/DHWTV | 210 LTR | India | Pc | 29800 |
| 43 | Refrigerator | GEM | GRDN2301TRBTV/TRWTV/RBBTV/RBWTV | 210 LTR | India | Pc | 29800 |
| 44 | Refrigerator | GEM | GRDN2301QTRBTV/QTRWTV/QRBBTV/QRBWTV | 210 LTR | India | Pc | 29780 |
| 45 | Refrigerator | GEM | GRDN2301QPTBTV/QPTWTV | 210 LTR | India | Pc | 29780 |
| 46 | Refrigerator | GEM | GRDN2601TRBTV/TRWTV/RBBTV/RBWTV | 225 LTR | India | Pc | 30540 |
| 47 | Refrigerator | GEM | GRDN2601GLBTV/GLWTV/TRWTV/FBTV/QRBTV | 225 LTR | India | Pc | 30540 |
| 48 | Refrigerator | GEM | GRDN2601QPTBTV/QPTWTV/QRBBTV/QRBWTV | 225 LTR | India | Pc | 30540 |

EXIM Code: 3007062330111NP

**K.V. OVERSEAS MARKETING PVT. LTD.**
Putalisadak, Kathmandu
Phone No: 4545119

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रतिवेदन सार्वजनिक गर

सरकारले जेन–जी विद्रोहमा भएको हिंसात्मक र ध्वंशात्मक घटनाको सत्यतथ्य लुकाउने प्रयास गरेको देखिएको छ । भदौ २३ र २४ गते भएको उक्त घटनाको दोषी किटानीसहित गौरीबहादुर कार्की आयोगले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न सरकारले आलटाल गरिरहेको हो ।

जेन–जी विद्रोहको बलमा निर्वाचन भएर पनि नयाँ सरकार बन्न लागिसक्यो । यही मौकामा सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका मन्त्रीहरू होलिडे मुडमा देखिन्छन् । प्रधानमन्त्री कार्की आफैं पनि बिहीबार कर्णाली ट्राभलमा निस्किएकी थिइन् । यसरी नयाँ सरकार नबन्दै मन्त्रीहरूले मन्त्रालयको दैनिक कामसमेत छाडेर प्रतिवेदन ढाकछोप गर्न खोज्नु अत्यन्तै गलत अभ्यास हो ।

कार्की आयोगले फागुन २४ गते प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको हो । करिब ९०० पृष्ठको प्रतिवेदन बुझिसकेको डेढ साता हुँदासम्म सार्वजनिक नगरिँदा सरकारको नियत र राजनीतिक स्वार्थमाथि प्रश्न उठेको हो । दण्डहीनताको विरोध र सुशासनको पक्षमा नेपालमा ठुलठुला विद्रोह हुँदै आएको छ । जेन–जी विद्रोह यसरी नै भएको थियो । पहिलो दिन संसद भवनअगाडि १९ जना युवाको ज्यान गएको थियो । तर नयाँ सरकारले पनि दण्डहीनतालाई प्रश्रय दिने ढंगले प्रतिवेदन लुकाउन खोजेको देखिन्छ ।

प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी सरकारको हो । सरकारको काम शान्तिपूर्ण तवरले निर्वाचन गराउनुमात्र थिएन, भदौ २३ र २४ मा भएका विध्वंसको दोषी पत्ता लगाएर तिनलाई सजाय दिनु पनि थियो । भदौ २३ को सरकारी दमनमा त्यसबेला प्रधानमन्त्री रहेका केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडीलगायतलाई फौजदारी कसुरमा छानबिन गरेर कारबाही सिफारिस गरिएको बताइएको छ । गोली हान्ने र हान्न आदेश दिने सुरक्षा अधिकारीहरूलाई पनि २३ गतेको घटनामा जिम्मेवार बनाउन सिफारिस गरिएको बताइन्छ ।

विद्रोहको दमन र त्यसबेला सार्वजनिक तथा निजी सम्पत्ति ध्वंश गर्नमा संलग्न दुवै पक्षलाई प्रतिवेदनमार्फत कारबाही सिफारिस गरिएको हुनाले कार्की सरकार उक्त संवेदनशील प्रतिवेदन सार्वजनिक गर्न हिच्किचाएको हो कि ? यो प्रतिवेदन जस्ताको तस्तै कार्यान्वयन भए राजनीतिक संक्रमण लम्बिने र त्यसले संकट निम्त्याउने भन्दै प्रधानमन्त्री कार्की पन्छिन खोजेको हो कि ? यसअघि पनि यस्ता छानबिन आयोग बन्थे । सरकारले प्रतिवेदन बुझ्थ्यो तर दराजमा थन्काउँथ्यो । यसपटक पनि हुने शंका छ । दण्डहीनतालाई प्रश्रय दिने खालका यस्ता गतिविधि पक्कै पनि राम्रो होइन । जस्तो छ, हुबहु प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ नगर ।

# निर्वाचनले ल्याएको परिवर्तन र नयाँ सरकारको कार्यभार



❑ डा. लक्ष्मी सिंह

“ रास्वपालाई आगामी पाँच वर्ष सरकार चलाउने जनमत प्राप्त भइसकेको छ । बालेन्द्र शाह, जो काठमाडौं महानगरपालिकाको मेयर पद छाडेर रास्वपाबाट उम्मेदवार बनी विजयी भएर आएका छन् । उनैको नेतृत्वमा सरकार बनाउने तयारी छ । यो सरकार पाँच वर्षसम्म चल्छ भन्ने विश्वास जनतामा छ । अब बन्ने सरकारले भ्रष्टाचार निर्मूल पार्दै सुशासन कायम गर्नुपर्छ । बलत्कार, महिला हिंसालगायत अन्त्य गर्न कडाभन्दा कडा कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्छ । सीपमूलक स्वरोगारी स्थापना गरी सबै युवाहरूलाई स्वदेशमा नै रोजगार बनाउने र बेरोगारीको अन्त्य गर्नुपर्ने छ । आधुनिक कृषि क्रान्ति र पर्यटन विकासमार्फत देशको समृद्धिका लागि काम गर्नुपर्छ ।

फागुन २१ को निर्वाचनले मुलुकको राजनीतिमा उथलपुथल ल्याइदिएको छ । पुराना दलहरूले गरेका कामको मूल्यांकन यसपालिको निर्वाचनमा नेपाली जनताले सहीरूपमा गरिदिएका छन् । निर्वाचनको नतिजापछि चिया पसलदेखि हरेक ठाउँमा यसको समीक्षा भइरहेको पाइन्छ । यस्तो समीक्षामा जेन-जी पुस्तादेखि वृद्धवृद्धासम्म सहभागी छन् । उनीहरूको विश्लेषण एउटै छ, पुराना दलहरूले आफ्नो कार्यशैलीको मूल्यांकन गर्न नसक्दाको परिणाम निर्वाचनमा आएको छ । यसबाट नेपालमा बल्ल असली लोकतन्त्र आएको देखिन्छ । त्यसैले होला नेपाली जनताले आफूले सोचेको जस्तो नतिजा यसपालिको निर्वाचनमा देखाइदिएका छन् । न्यायाधीश भनेको जनता हुन् भन्ने यसबाट पुष्टि भएको मान्नुपर्छ ।

नेपालमा आउनुपर्ने नतिजा यही नै हो र आएर छोड्यो । राजनीतिक दलहरूको दम्भ र घमण्डलाई जनताले मतपत्रमार्फत निस्तेज पारिदिए । विगत लामो समयदेखि दलहरू सत्ताको जोडघटाउमै सीमित हुँदा नेपाली जनता वाक्क दिक्क भइसकेका थिए । राजनीतिप्रति वितृष्णा जागेको थियो । त्यो वितृष्णालाई दलहरूले बेवास्त गरिइरहे । जनता मौका कहिले आउला र देखाउँला भनेर बसेका थिए । फागुन २१ को निर्वाचन त्यो मौका बनेर आइदियो । त्यो अवसरलाई नेपाली जनताले खेर फालेनन् ।

यसपालिको निर्वाचनबाट अधिकांश युवाहरू निर्वाचित भएर आएका छन् । पुराना दलहरूलाई खुम्च्याइदिएको छ । पाँच वर्षका लागि युवाहरूले नेतृत्व गर्ने गरी एउटै दललाई बहुमत दिएको छ । युवाहरूकै नेतृत्वमा सरकार बन्दै छ । यसले आशा जगाएको छ ।

पुराना राजनीतिक दलहरूप्रतिको वितृष्णा, कार्यशैली र गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा गरेको दमनले गर्दा सबै पुराना राजनीतिक दलहरू बडारिएका छन् । जनताले चाहेका थिए- भ्रष्टाचार नियन्त्रण, सुशासन, आधुनिक कृषिको क्रान्ति, बेरोजगारी अन्त्य, स्वरोजगार स्थापना, पर्यटन विकास, समृद्धि, महिलाको सशक्तीकरण, उधोगधन्दाको विस्तार । त्यसैगरी विदेसिएका युवाहरूलाई स्वदेश फिर्ता ल्याई रोजगारी दिने, प्राविधिक शिक्षाको थालनी, बालबालिकाको अधिकार तथा विकास, देशमा व्याप्त बलत्कार, बालविवाह, छुवाछूत तथा विभेदलगायतको अन्त्य, समावेशी समाजको स्थापना, निःशुल्क स्वास्थ्य सेवा र जलस्रोतको सदुपयोग जस्ता काम मुख्य चाहनाको विषय थियो ।

हाल नेपाली जनताले राष्ट्रिय स्वातन्त्र पार्टी (रास्वपा)लाई साथ दिएको कारण हो- सबै जनप्रतिनिधि युवा छन् र प्रधानमन्त्रीको नेतृत्व लिने व्यक्ति पनि पहिलेदेखि युवा हुने भएको घोषणा गरेकोले सो पार्टीलाई एकपटक सत्तामा पुऱ्याएमा देशको मुहार फेरिन्छ कि भनी सबैले विश्वास गरेको हो । त्यसैले युवाहरूको सोचले नेपालमा नयाँ परिवर्तन ल्याउँछन् भन्ने सोचमा यो परिणाम आएको हो । युवा जनप्रतिनिधिहरूको नयाँ सोच, नयाँ विचार, परिवर्तन, नयाँ विकासका लागि अगाडि बढ्ने विश्वासले नेपाल जनताले मत दिएका हुन् । त्यसैले नेपालमा विकासको 'ब्राण्डिङ' गरी विश्वमा नेपालको नयाँ परिचय दिने विश्वासका साथ यो बहुमत दिएको हो । यसका लागि पुरानो अनुभवको आवश्यकता चाहिँदैन । नयाँ विचार र अनुसन्धानको आधारमा विकासको काम अगाडि बढाउन सकिन्छ भन्ने सोचले यो कदम अगाडि बढेको हो भन्दछन् नेपाली जनता । उही पुराना दलहरूको जस्तो शैलीले काम गरेमा उही पुराना दलको जस्तो मूल्यांकन रास्वपाको पनि हुने छ । 'जुन जोगी आए पनि कान चिरेका' भनेजस्तो नबनोस् भन्ने जनचाहना छ ।

अझै पनि सबै राजनीतिक दलहरू आफ्नो गल्ती स्वीकार नगरी सुधारको पक्षमा नलागेमा फेरि यस्तै अवस्था भविष्यमा आउने छ र सकिएर जाने छन् । रास्वपाले बहुमत पाएको दम्भ देखाउँछ भने उसको हालत पनि नेपाली जनताले अहिलेका पुराना दलको जस्तै बनाइदिने निश्चित छ । यसमा सबैले हेक्का राख्नुपर्छ । अहिलेको नतिजाले युवाहरूलाई अग्रता दिनुपर्दछ भन्ने सोच सबैमा देखिन्छ ।

लोकतन्त्रमा अन्तिम फैसला भनेको जनताबाटै हुने गर्दछ । सो फैसलालाई शिरोधार्य सबै राजनीतिक दलले गर्नुपर्छ । दलहरूले अहिलेको कमी कमजोरी नसच्याउने हो भने सबै दल अर्कोपटक झन् सकिने अवस्थामा पुग्ने छन् । हाल प्राप्त निर्वाचनको परिणामअनुसार दलहरूले आफ्नो नेतृत्व र नीति नियम परिवर्तन गरेनन् भने अर्कोपटक फेरि उस्तै नतिजा आउने छ ।

प्रतिनिधिसभा निर्वाचनबाट रास्वपाले दुईतिहाइ नजिक सिट जितेको छ । प्रत्यक्षमा १२५ सिट र समानुपातिकतर्फ ५७ सिट गरी कूल १८२ सिट रास्वपाले जितेको छ । यो दुईतिहाइका लागि आवश्यक संख्याभन्दा मात्र दुई सिट कम हो । दुईतिहाइको आवश्यकता पर्दा अर्को दलबाट सहयोग लिनुपर्ने भएको छ, तर सरकार सञ्चालनका लागि रास्वपालाई सुविधाजनक बहुमत प्राप्त भएको छ ।

निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भयो । यस निर्वाचनमा सुरक्षाकर्मीले खेलेको भूमिका महत्त्वपूर्ण थियो । अर्कोतर्फ राष्ट्रसेवक कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रह्यो । निर्वाचन आयोगको भूमिका सबभन्दा महत्त्वपूर्ण थियो । नेपालको वर्तमान निर्वाचन प्रणालीको जटिलताका बीचमा पनि रास्वपाले बहुमत ल्याउनु भनेको चानचुने कुरो होइन । परम्परागत दलहरूप्रति नागरिकहरूमा फैलिएको निराशा र आक्रोश, नयाँ र पुराना अनुभवी दल भन्दै गरिएको कित्ताकाट, भदौ २३ र २४ गतेको जेन-जी पुस्ताको आन्दोलनमा भएको दमनले यो नतिजा दिएको छ ।

यसपालिको निर्वाचनले संसद्मा ऐतिहासिक पुस्तान्तरण ल्याएको देखिन्छ । नेपाली जनताले युवाहरूलाई विजय गराएका छन् । अबको संसद्मा ६० प्रतिशतभन्दा बढी युवाको उपस्थिति हुने छ । यो नतिजालाई सकारात्मक मान्नुपर्छ । तर, अधिकांश युवा हुँदा उनीहरूलाई संसदीय प्रणाली र अभ्यासबारे अभिमुखीकरण दिन जरुरी छ ।

यसपालि प्रत्यक्षतर्फ महिलाको प्रतिनिधित्व पनि बढेको छ । इतिहास पल्टाउँदा २०१५ सालमा एकजना महिला प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फबाट निर्वाचित भएकी थिइन्, जो द्वारिकादेवी ठकुरानी डडेलधुराबाट विजय भएकी थिइन् । २०८२ फागुन २१ गतेको निर्वाचनबाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फबाट १४ जना महिला निर्वाचित भएका छन् । यो संख्या सन्तोषजनक भने होइन । किनकि, ६७ वर्षपश्चात् पनि महिलाहरूको संख्या प्रत्यक्षतर्फ एकबाट बल्ल १४ मा पुगेको छ । यसले महिलाहरूको प्रतिनिधित्व अझै धेरै कम भएको देखिन्छ । महिला सशक्तीकरण अझै बढाउनुपर्ने देखिन्छ । प्रत्यक्षतर्फ पनि दलहरूलाई अनिवार्यरूपमा ३३ प्रतिशत महिला उम्मेदवार बनाउन बाध्य गराउनुपर्ने देखिन्छ ।

रास्वपाले प्रत्यक्षतर्फको १६५ सिटमध्ये १२५ सिट एक्लैले जितेर इतिहास कायम गरिदियो । एउटा दलको यस्तो वर्चश्व नेपालको संसदीय निर्वाचनको इतिहासमा कहिल्यै भएको थिएन । तर यो केवल एउटा दलको विजयमात्र होइन । तीन दशकदेखि मुलुकको राजनीतिमा वर्चश्व जमाउँदै आएका स्थापित राजनीतिक शक्तिहरूको पराजयको गम्भीर समीक्षा हुनुपर्दछ । सबै दलहरूको मूल्यांकन जनताले गरेको तथ्य हो ।

यो निर्वाचनमा देशभर रास्वपाको पक्षमा जनलहर देखियो । यो लहरमा सीमान्तकृत समुदाय भने छुटेको देखिन्छ । प्रत्यक्ष निर्वाचनमा संसद्मा खस आर्य समुदायको प्रतिनिधित्व बढेको देखिन्छ भने दलित, थारु, मधेसी र आदिवासी समुदायको उपस्थिति खुम्चिएको देखिन्छ । प्रत्यक्षतर्फको नतिजाले सिर्जना गरेको समावेशीको खाडललाई समानुपातिक प्रणालीबाट पुर्ने प्रयास गरिएको छ । यसपटकको निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको थियो । यसले निर्वाचन शिक्षाको कमजोरी उजागर गरिदिएको छ । जनतालाई अझै निर्वाचन शिक्षाको आवश्यकता देखिन्छ ।

रास्वपालाई आगामी पाँच वर्ष सरकार चलाउने जनमत प्राप्त भइसकेको छ । बालेन्द्र शाह, जो काठमाडौं महानगरपालिकाको मेयर पद छाडेर रास्वपाबाट उम्मेदवार बनी विजयी भएर आएका छन् । उनैको नेतृत्वमा सरकार बनाउने तयारी छ । यो सरकार पाँच वर्षसम्म चल्छ भन्ने विश्वास जनतामा छ । अब बन्ने सरकारले भ्रष्टाचार निर्मूल पार्दै सुशासन कायम गर्नुपर्छ । बलत्कार, महिला हिंसालगायत अन्त्य गर्न कडाभन्दा कडा कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्छ । सीपमूलक स्वरोगारी स्थापना गरी सबै युवाहरूलाई स्वदेशमा नै रोजगार बनाउने र बेरोगारीको अन्त्य गर्नुपर्ने छ । आधुनिक कृषि क्रान्ति र पर्यटन विकासमार्फत देशको समृद्धिका लागि काम गर्नुपर्छ ।

प्राविधिक शिक्षाको स्थापना गरी देशका युवाहरूलाई प्राविधिक शिक्षा दिई देशमै साना, मझउला र ठूला उधोगधन्दा खोली देशमा विभिन्न विषयमा उत्पादन बढाई देशको आर्थिक स्रोत बढाउने, समुदाय स्वास्थ्य प्रणालीमार्फत घरघर तथा समुदायमा स्वास्थ्य सेवा दिने व्यवस्था मिलाउने र सबैको पहुँच स्वास्थ्यमा पुग्ने व्यवस्था गर्नुपर्ने हुन्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# पहिलो निर्वाचनको अभिलेखीकरण: वर्तमानका लागि दृष्टिबिन्दु



❑ प्रकाश सिलवाल

'इतिहास केवल अतितको कथा होइन, वर्तमानलाई बुझ्ने मार्ग पनि हो ।' भारत स्वतन्त्र भएपछिका तत्कालीन प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले भनेझैं इतिहासका घटनाहरूले वर्तमानलाई बुझाउन मद्दत गर्छ । इतिहासबाट पाठ सिकेर भविष्यको गोरेटो कोर्नुपर्छ पनि भनिन्छ तर इतिहासको विरासतलेमात्रै वर्तमान र भविष्य चल्न सक्दैन पनि भनिन्छ ।


मुलुकमा प्रतिनिधिसभाको निर्वाचन (फागुन २१) कै बीच प्रकाशनमा आएको लेखक/पत्रकार विराट अनुपमद्वारा लिखित 'पहिलो आमनिर्वाचन २०१५' ले नेपालको निर्वाचन र लोकतान्त्रिक पद्धतिको इतिहासलाई पुनःस्मरण गराएको छ । पहिलो आमनिर्वाचनमा दुईतिहाइको जनमत प्राप्त गरेको नेपाली कांग्रेस पछिल्लो निर्वाचनबाट निकैपछि परेको सन्दर्भले पनि पुस्तकलाई समयसापेक्ष बनाएको छ ।

इतिहासका घटना सम्झन नसक्नेले दुःखद् घटनालाई दोहोऱ्याउन बाध्य हुन्छ भन्ने भनाइलाई पनि निर्वाचन प्रणालीका उतारचढावले प्रदर्शन गर्दै नआएका होइनन् । यस पुस्तकले नेपाली निर्वाचन इतिहासको सोही ऐतिहासिक घटनालाई केन्द्रमा राखेर 'पहिलो आमनिर्वाचन २०१५' लाई अभिलेखीकरण गरेको छ ।

नेपालमा २०१५ साल फागुन ७ गते पहिलो आमनिर्वाचन भएको मितिलाई आधार मानेर हरेक फागुन ७ लाई निर्वाचन आयोगले निर्वाचन दिवसका रूपमा मनाउँदै पनि आएको छ । नेपालको पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसको 'रुख,' नेपाल राष्ट्रवादी गोर्खा परिषद्को झुपडी (घर), संयुक्त प्रजातन्त्र पार्टीको 'धानको बाला,' नेपाल कम्युनिस्ट पार्टीको 'मकैका तीन घोगा र हँसिया,' नेपाल प्रजा परिषद् (टंकप्रसाद आचार्य समूह) को 'धन कोदालो,' नेपाल प्रजा परिषद् (भद्रकाली मिश्र समूह) को 'हलो,' नेपाली राष्ट्रिय कांग्रेसको 'छाता,' तराई कांग्रेसको 'टाउकोमा गहुँको बिटा बोक्ने कृषक,' प्रजातान्त्रिक महासभाको 'हात' निर्वाचन चिह्न रहेको थियो । स्वतन्त्र उम्मेदवार विभिन्न निर्वाचन चिह्नमा लडेका थिए ।

देशभरका १०९ क्षेत्रमा भएको उक्त निर्वाचनमा उम्मेदवारको धरौटी २५० रूपैयाँ र खर्च सीमा पाँच हजार रूपैयाँ रहेको रोचक तथ्यहरू पनि पुस्तकमा रहेका छन् । त्यस निर्वाचनमा १०९ स्थानका लागि ७८६ उम्मेदवार रहेकामा नेपाली कांग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । दुईतिहाइ मत ल्याएसँगै सो दलबाट बिपी कोइराला प्रधानमन्त्री बनेका थिए । आफूले सोचेभन्दा बढी मत कांग्रेसले पाएपछि तत्कालीन राजा महेन्द्र र कांग्रेस तथा प्रधानमन्त्री कोइरालाबीच दूरी बढेको सन्दर्भ पुस्तकमा रहेको छ । त्यही दूरी बढेको घटनाक्रमले २०१७ पुस १ गते राजाले प्रधानमन्त्रीलाई अपदस्थ र संसद् विघटन गरी ३० वर्षसम्म पञ्चायती शासन चलाएको इतिहास ताजै छ ।

जेन-जी आन्दोलनपछि विशेष परिस्थितिमा भएको प्रतिनिधिसभा निर्वाचनको परिणाम कतिपयलाई रोचक लागिरहेका बेला प्रकाशित पुस्तकले नेपालको पहिलो संसदीय निर्वाचनको पृष्ठभूमि, प्रक्रिया, राजनीतिक वातावरण तथा परिणामलाई तथ्यगत, खोजपरक र विश्लेषणात्मक ढंगले प्रस्तुत गरेको छ । पुस्तकमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, तत्कालीन राजतन्त्र र दलहरूको अन्तरसंघर्ष, प्रजातन्त्रको सवलीकरणका लागि दलहरूको सक्रियता, ती दलहरूभित्रका विवाद र गुट-उपगुट आदिलाई चर्चा गरिएको छ । नेपालको लोकतान्त्रिक प्रणाली, राजाको निरकुंशता र संवैधानिक विकासक्रमलाई विस्तृतरूपमा व्याख्या गरिएको पुस्तक राजनीति शास्त्रका जिज्ञाशुहरूका लागि गहकिलो खुराक भएको छ ।




पुस्तक समीक्षा

मुलुकमा २००७ सालमा प्रजातन्त्र आए पनि किन २०१५ सालमा मात्रै संसदीय निर्वाचन हुन पुग्यो र त्यो निर्वाचन हुन कसरी सम्भव भयो भन्ने ऐतिहासिक सन्दर्भलाई बुझ्न पुस्तकले सघाएको छ । अन्तर्राष्ट्रिय मामिलाका पनि अध्येता अनुपमकृत पुस्तकमा त्यसबेलाको निर्वाचन व्यवस्थापन, दलहरूको चुनावी रणनीति, निर्वाचन घोषणापत्र, मतदाताको सहभागिता तथा निर्वाचन परिणामलाई विभिन्न स्रोत र तथ्यांकका आधारमा प्रस्तुत गरेका छन् ।

त्यसबेलाका दल र उम्मेदवार, निर्वाचन चिह्न, निर्वाचन क्षेत्र र निर्वाचन गराउने अधिकृतहरू, प्राप्त मत परिणाम पनि समावेश गरिएको छ । यसअघि निर्वाचन आयोगबाट नेपालको निर्वाचन इतिहासका शृंखलाबद्ध पुस्तक प्रकाशन भए पनि राजनीतिक स्थिति र विवेचनासहितको यस प्रकारको पुस्तक भने बजारमा उपलब्ध थिएन ।

निर्वाचनसम्बन्धी ऐतिहासिक दस्तावेज, तथ्यांक र अभिलेखको प्रयोग विवरणात्मक नभई विश्लेषण र विवेचनात्मकरूपमा प्रस्तुत गरिएको छ । नेपालमा लोकतान्त्रिक अभ्यासको प्रारम्भिक चरण बुझ्न चाहने पाठक, अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि यो पुस्तक उपयोगी स्रोत बन्न सक्छ । लेखक अनुपम पत्रकारितमै सक्रिय रहेकाले पुस्तकको भाषाशैली सरल र सुस्पष्ट देखिन्छ । इतिहासका विषय पढ्न निरस लाग्ने भए पनि लेखकको विवरण केलाउने र रोचक बनाउने शैलीले पुस्तक पढ्दा पाठकलाई अल्छी लाग्दैन । नेपालको संसदीय इतिहासमा महत्त्वपूर्ण मानिने यस प्रकाशनले २०१५ सालअघि र पछिका राजनीति घटनाक्रमलाई पनि मूल्यांकन गर्न प्रेरित गरेको मान्न सकिन्छ ।

पछिल्लो समयमा अहिलेको युवा पुस्ताको राजनीतिक सहभागिता र उनीहरूको अपेक्षा एवं चाहनालाई राज्यका नीति निर्माण तथा सेवा प्रवाह (सुशासन)मा प्रकट हुनुपर्ने सन्दर्भ जोडतोडका साथ उठिरहेका बेला नेपालको पहिलो आमनिर्वाचनताका पनि फरक शब्दावलीमा ती विषय उठेकै रहेछन् भन्ने देखिन्छ । नयाँ पुस्तकले मुलुकको राजनीति र लोकतान्त्रिक अभ्यासबारे चासो दिनु आफैंमा प्रणालीका लागि सकारात्मक पक्ष हो । *रासस*



**धिमेबाजा ।** भक्तपुरको मध्यपुर थिमि–४ ईन्द्रायणी परिसरमा रहेको राज गणेश धिमे खल:मा राखिएको धिमेबाजा तथा अन्य सामग्रीहरू । *तस्बिर: रासस*

# कोशीका अस्पतालमा रगतको अभाव

## सामाजिक सञ्जालबाट रक्तदाता खोज्दै

■ जुनु भट्टराई

**विराटनगर–** मोरङको सुन्दरहरैचाका ५२ वर्षीय रमेश थापालाई आफन्तको आकस्मिक शल्यक्रियाका लागि 'एबी पोजेटिभ' रगत अत्यावश्यक थियो । चिकित्सकले तत्काल रगतको खोजी गर्न भने । सोहीअनुसार रक्तसञ्चार केन्द्रमा सम्पर्क गर्दा त्यहाँ मौज्दात नभएपछि उनी रक्तदाताको खोजीमा भौतारिए ।



'चिकित्सकले तुरुन्तै रगत चाहिन्छ भन्नुभयो, तर रक्तसञ्चार सेवा केन्द्रमा रगत अभाव छ भन्ने जानकारी पाएँ,' थापाले भने, 'त्यसपछि हामीले सामाजिक सञ्जाल फेसबुकमा रगतको व्यवस्थापनका लागि सन्देश हाल्यौं, साथीभाइलाई फोन गर्‍यौं, तर समयमा रगत पाउन निकै गाह्रो भयो । उक्त समयमा हामीलाई सबैभन्दा ठूलो डर बिरामीको ज्यानको हुने रहेछ । रगत खोज्दै दौडधुप गर्दा निकै तनाव भयो ।'

कोशी अस्पतालमा उपचारका लागि आएका अर्का एक बिरामीका आफन्तले पनि यस्तै समस्या सुनाए । 'अस्पतालमा रगतको व्यवस्था होला भन्ने सोचेका थियौं,' उनले भने, 'तर अन्तिममा आफैंले खोज्नुपर्दा निकै अप्ठ्यारो भयो । यस्तो अवस्थामा बिरामीको परिवार झन् मानसिक दबाबमा पर्ने रहेछ ।'

रमेशको जस्तै अवस्था अहिले कोशी प्रदेशका प्रमुख अस्पतालहरूमा उपचार गराइरहेका सयौं बिरामीका परिवारले भोगिरहेका छन् । आकस्मिक उपचारका लागि आवश्यक रगत सहजरूपमा उपलब्ध नहुँदा बिरामीका आफन्त आफैं रक्तदाता खोज्न बाध्य छन् ।

रगत अभावको समस्या पछिल्लो समय झन् गम्भीर बन्दै गएको छ । आकस्मिक शल्यक्रिया, दुर्घटना तथा प्रसूतिजस्ता अवस्थामा तत्काल रगत आवश्यक पर्ने हुँदा समयमा उपलब्ध नहुँदा बिरामीको ज्यान जोखिममा पर्ने चिकित्सकहरू बताउँछन् ।

कोशी प्रदेशका सरकारी तथा निजी अस्पतालमा आवश्यक परिमाणमा रगत उपलब्ध नहुँदा आकस्मिक अवस्थामा बिरामीका आफन्त आफैं रक्तदाता खोज्न सडक र 'फेसबुक'का भित्ताहरूमा निस्कनुपर्ने अवस्था दिनप्रतिदिन बढ्दै गएको छ । रगत व्यवस्थापनको यो चुनौती अहिले गम्भीर समस्याका रूपमा देखिएको हाम्रो अस्पताल विराटनगरका सञ्चालकसमेत रहेका निजी अस्पताल एसोसिएसन (अफिन)का अध्यक्ष डा. शंकरप्रसाद अधिकारीले बताए ।

उनका अनुसार रक्तसञ्चार सेवा केन्द्रहरूमा रगतको पर्याप्त भण्डारण (स्टोरेज) नहुँदा अस्पतालहरूले आकस्मिकबाहेकका बिरामीका आफन्तलाई आफैं रगत व्यवस्थापन गर्न वा साट्न (एक्सचेञ्ज) आग्रह गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको हो ।

'अहिलेको अवस्थामा अस्पतालहरूले 'सब्स्टिच्युट' वा साटासाटको अवधारणा अपनाउनुपरेको छ,' डा. अधिकारीले भने, 'यदि बिरामीलाई चाहिएको निश्चित समूहको रगत उपलब्ध छैन भने, अर्को कुनै पनि समूहको रगत दिएर साट्न सकिने व्यवस्था मिलाइएको छ ताकि रगतकै अभावमा उपचार नरोकिने वातावरण बनोस् ।'

बिरामीका आफन्तले रगत व्यवस्थापन गर्दा अस्पताल व्यवस्थापनलाई केही सहजता भए पनि सडक दुर्घटना (आरटिए) जस्ता तत्काल रगत चाहिने आकस्मिक अवस्थामा भने अझै पनि ठूलो जोखिम र चुनौती कायम रहेको उनको बुझाइ छ । क्षेत्रीय स्तरमा रगतको केन्द्रीकृत व्यवस्थापन (सेन्ट्रलाइज्ड म्यानेजमेन्ट) हुनुपर्नेमा डा. अधिकारीले जोड दिए । धेरैजसो साना अस्पतालहरूमा आफ्नै 'ब्लड बैंक' नहुने र उनीहरू रेडक्रस, नोबेल वा विराटनगरका ठूला संस्थामा निर्भर रहनुपर्ने बाध्यता छ । 'सबै साना अस्पतालमा ब्लड बैंक राख्दा रगत खपत नभए खेर जाने जोखिम रहन्छ,' उनले भने, 'त्यसैले एउटै बलियो र केन्द्रीकृत व्यवस्थापन बढी प्रभावकारी हुन्छ ।'

विराटनगरस्थित प्रदेशको सबैभन्दा ठूलो सरकारी अस्पताल कोशी अस्पतालमा बिरामीको चापसँगै उपचारमा आउनेले दैनिक रगतको अभावको समस्या भोग्नु परेको स्त्री तथा प्रसूतिरोग विभागकी प्रमुख डा. अञ्जु देवले जानकारी दिइन् । प्रसूति र सर्जरी सेवा अत्यन्तै आपत्कालीन हुने भएकाले रगत अभाव हुँदा यो विभाग सबैभन्दा बढी समस्यामा पर्ने गरेको उनको भनाइ छ ।

'हामीकहाँ प्रसूति र शल्यक्रियाका बिरामीमा रगतको अत्यधिक आवश्यकता हुन्छ,' डा. देवले भनिन्, 'तर अभावका कारण कतिपय अवस्थामा बिरामी भर्ना गर्नुअघि एक पोका रगतको व्यवस्था गर्न लगाउनुपर्ने बाध्यता छ ।' उनका अनुसार अस्पतालको आफ्नै ब्लड बैंक नहुँदा रेडक्रसमा निर्भर हुनुपर्ने अवस्था छ ।

'कहिलेकाहीँ निजी अस्पतालहरूले आफ्ना बिरामीलाई प्राथमिकता दिँदा आर्थिक अवस्था कमजोर भएका, पहुँच कम भएका बिरामी मारमा पर्छन्,' उनले भनिन् । डा. देवले प्रसूति सेवालाई अत्यन्तै संवेदनशील र आकस्मिक सेवा मानिने उल्लेख गर्दै रगतको व्यवस्था समयमै हुन नसके आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्नसक्ने अवस्था पनि आउने बताइन् ।

प्रादेशिक रक्तसञ्चार सेवा विराटनगरका प्रमुख एवं रक्तसञ्चार सेवा अधिकृत शिवानन्द यादवका अनुसार कोशी प्रदेशमा दैनिक करिब ९०० देखि एक हजार युनिटसम्म रगतको माग हुने गरेको छ । विशेषगरी मोरङ जिल्लाका अस्पतालहरूमा रगतको माग अत्यधिक हुने गरेको उनको भनाइ छ । 'प्रदेशकै जेठो र ठूलो सरकारी अस्पताल कोशी अस्पतालमा टाढाका जिल्लाहरू र छिमेकी भारतीय सहरबाटसमेत बिरामी उपचारका लागि आउने भएकाले यहाँ रगतको माग अत्यधिक देखिन्छ,' यादवले भने, 'त्यसमाथि पनि पछिल्लो समय निर्वाचनजस्ता राजनीतिक गतिविधिमा मानिस केन्द्रित हुँदा नियमित रक्तदान कार्यक्रम ओझेलमा परेका छन्, जसका कारण संकलनमा आएको गिरावटले अभावलाई अझ चर्काएको छ ।' *रासस*

# बाँकेमा 'आगो नियन्त्रण दस्ता' निर्माण

**नेपालगञ्ज–** बाँकेमा डढेलो नियन्त्रणका लागि 'आगो नियन्त्रण दस्ता' निर्माण गरिएको छ । जिल्लास्थित वन डिभिजन कार्यालयले जिल्लामा २४ जनाको दस्ता निर्माण गरेको हो ।

वन डिभिजन कार्यालयका वरिष्ठ वन अधिकृत तथा सूचना अधिकारी टंक गुरुङका अनुसार डढेलो लाग्ने क्षेत्रका पहिचान गरी दस्ता निर्माण गरिएको हो । खासगरी शम्शेरगञ्ज क्षेत्रका लागि १२ र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गत रहेको भूवरभवानी चक्ला वनका लागि १२ जनाको आगो नियन्त्रण दस्ता बनाइएको उनले जानकारी दिए ।

सूचना अधिकारी गुरुङले जनचेतनामूलक कार्यक्रमसहित विभिन्न कार्यक्रम गर्न वन उपभोक्ता महासंघको समन्वयमा डढेलो नियन्त्रणका कार्यक्रम ल्याइएको उल्लेख गर्दै छ हजार लिटर पानीको क्षमता भएको वारुणयन्त्र तयारी अवस्थामा राखिएको बताए । 'हामीसँग भएको स्रोत र साधनका हिसाबले हामी डढेलो नियन्त्रण गर्न तयारी अवस्थामा बसेका छौं,' उनले भने ।

गुरुङले आगलागी भएपछि दस्ताले आगो नियन्त्रण तथा उद्धारका काम गर्ने उल्लेख गरे । बाँकेमा गत वर्ष डढेलो नलागे पनि अघिल्लो वर्ष डढेलो लाग्दा ठूलो मात्रामा वन्यजन्तु मरेका थिए ।

वन डिभिजन कार्यालयका प्रमुख शंकरप्रसाद गुप्ताले डढेलो नियन्त्रणका लागि 'अग्नि नियन्त्रण हेरालु' चार वर्षका लागि नियुक्त गरिएको जानकारी दिँदै उनीहरूले आगलागी हुन नदिन योजनाबद्ध काम गर्ने बताए । उनले शम्शेरगञ्ज सब डिभिजन वन कार्यालयअन्तर्गतको वन र सिक्टा सब डिभिजन वन कार्यालयअन्तर्गतको वनमा छ/छ जनाको अग्निनियन्त्रण हेरालु रहेका उल्लेख गरे ।

प्रमुख अग्निनियन्त्रण हेरालुले फायरलाइन सफा गर्नुका साथै त्यसको संरक्षण गर्ने गुप्ताले जानकारी दिए । उनका अनुसार जिल्लामा १०० किलोमिटर फायरलाइन रहेकामा त्यसलाई बढाएर १२० किलोमिटर पुर्‍याइएको छ । उनले शम्शेरगञ्जमा २५ लाख रूपैयाँको लागतमा २० हजार लिटर क्षमताको 'ओभर वाटर ट्याांक' समेत निर्माण भएको उल्लेख गर्दै डढेलो नियन्त्रणमा त्यसले पनि प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

### डढेलोका जोखिम न्यूनीकरण गर्न प्रतिकार्य योजना

बाँकेमा गर्मीयाम सुरु भएपछि चल्ने तातो हावा (लु), आगलागी, हावाहुरी तथा वन डढेलो घटनाका जोखिमलाई न्यूनीकरण गर्न प्रतिकार्य योजना स्वीकृत गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति बाँकेका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङको अध्यक्षतामा बसेको बैठकले आगलागी, वन डढेलो, तातो हावा (लु) तथा हावाहुरीबाट हुनसक्ने क्षतिलाई रोकथाम तथा न्यूनीकरण गर्न पूर्वतयारीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

बैठकले यसअघि भएका निर्णयको कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दै आगामी दिनमा जोखिम व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना अघि बढाउने सहमति पनि गरेको जनाएको छ । बैठकमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले तयार पारेको आगलागी, तातो हावा (लु) तथा वन डढेलो पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ माथि विस्तृत छलफल भएको थियो ।

गर्मी बढेसँगै आगलागी तथा वन डढेलोका घटना बढ्ने जोखिम रहेकाले डिभिजन वन कार्यालयलाई आगलागी रोकथामका लागि छुट्टै कार्ययोजना तयार गरी कार्यान्वयन गर्न निर्देशन दिइएको छ । वन डढेलो नियन्त्रणका लागि प्रचारप्रसार तथा सचेतना अभियान सञ्चालन गर्ने र आवश्यक उपकरण व्यवस्थापनका लागि जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गर्ने निर्णय पनि बैठकले गरेको छ । *रासस*


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका जमानतकर्ताहरुलाई जमानतको दायित्व बमोजिम कर्जा चुक्ता भुक्तान गर्न आउने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२।१२।०६ को प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलका ऋणीहरुले उपयोग गरेको कर्जाको रकम चुक्ता भुक्तान नगरेको र धितोको सम्पत्तिहरु लिलाम विक्री तथा सकारबाट समेत बैंकको लेना रकम असूल नभएकोले उल्लेखित कर्जाको सुरक्षणबापत व्यक्तिगत/संस्थागत जमानतको लिखत लेखिदिई ऋणीले बैंकबाट प्राप्त गरेको कर्जाको रकम नतिरे नबुझाएमा आफैले तिर्ने बुझाउने भनी जमानतको लिखत गर्ने तपसिलका जमानतकर्ताहरुले जमानतको शर्त बमोजिम कर्जाको रकम नबुझाई जमानतको शर्तहरुको उल्लंघन गरेकोले तपसिलका जमानतकर्तारुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९० (नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी बाँकी रहेको कर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा प्रचालित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्ताहरुलाई समेत कालो सूचीमा समावेश गरी बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वितिय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचालित कानून अनुसार कर्जा असूलीका लागि प्रक्रिया थालनी गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणी तथा जमानीकर्ताहरुको विवरण:**

**१. ऋणीको नामः थापा किराना पसल**
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगरमा दर्ता रहेको), दर्ता नं.: २५७३९, दर्ता मितिः २०७०/०५/३१, स्थायी लेखा नं.: ६०१३२७६३४, ठेगानाः मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. १ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:**
**तिलक बहादुर थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५३०२/१५६६/२१९(२०४६/०९/१३/भोजपुर), बाजेको नामः खड्ग बहादुर थापा, बाबुको नामः जय बहादुर थापा, ठेगानाः भोजपुर जिल्ला, होम्ताङ्ग गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. इन्द्र माया थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५-०२-७३-०५९२१(२०७३/१२/१०/मोरङ्ग), बाबुको नामः दान बहादुर राउत, ससुराको नामः जय बहादुर थापा, पतिको नामः तिलक बहादुर थापा, ठेगानाः मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. १ ।
**ख. सुवाश थापाः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६८७२(२०६१/१२/२६/भोजपुर), बाजेको नामः खड्ग बहादुर थापा, बाबुको नामः जय बहादुर थापा, ठेगानाः भोजपुर जिल्ला, होम्ताङ्ग गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. १ ।
**ग. अनुपा बिष्टः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०४२०४४/७८३५(२०६९/०३/२५/झापा), बाबुको नामः प्रदिप कुमार बिष्ट, ससुराको नामः जय बहादुर थापा, पतिको नामः सुवाश थापा, ठेगानाः झापा जिल्ला, दमक न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरीशनिश्चरे न.पा., वडा नं. १ ।

**२. ऋणीको नामः प्रभू हार्डवेयर**
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा दर्ता रहेको), दर्ता नं.:९७५०/०७७/७८, दर्ता मितिः २०७७/०७/१६, स्थायी लेखा नं.: ६१४१२१२२७, ठेगानाः बारा जिल्ला, कोल्हवी न.पा., वडा नं. १ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:**
**प्रभु प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०७९/२६४३४(२०६६/०३/१०/बारा), बाजेको नामः ठाकुर प्रसाद साह, बाबुको नामः नन्दलाल प्रसाद साह, ठेगानाः बारा जिल्ला, भ. जितपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. अंशु देवी गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७७-०१६१४(२०७७/०९/१२/बारा), बाबुको नामः जगदिश प्रसाद, ससुराको नामः नन्दलाल प्रसाद साह, पतिको नामः प्रभु प्रसाद साह, ठेगानाः बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।
**ख. बिरेन्द्र प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०७९/२६३३६(२०६६/०३/१०/बारा), बाजेको नामः ठाकुर प्रसाद साह, बाबुको नामः नन्दलाल प्रसाद साह, ठेगानाः बारा जिल्ला, भ. जितपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।
**ग. सोनी कुमारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७७-०२७७७(२०७७/११/१०/बारा), बाबुको नामः मिस्री प्रसाद, ससुराको नामः नन्दलाल प्रसाद साह, पतिको नामः बिरेन्द्र प्रसाद साह, ठेगानाः बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।

**३. ऋणीको नामः सौरभ हार्डवेयर**
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा दर्ता रहेको), दर्ता नं.:९१५०/०७७/७८, दर्ता मितिः २०७७/०४/०६, स्थायी लेखा नं.:६१३३६४४९८, ठेगानाः बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।

**प्रोप्राईटरः**
**बिरेन्द्र प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०७९/२६३३६(२०६६/०३/१०/बारा), बाजेको नामः ठाकुर प्रसाद साह, बाबुको नामः नन्दलाल प्रसाद साह, ठेगानाः बारा जिल्ला, भ. जितपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. अंशु देवी गुप्ताः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७७-०१६१४(२०७७/०९/१२/बारा), बाबुको नामः जगदिश प्रसाद, ससुराको नामः नन्दलाल प्रसाद साह, पतिको नामः प्रभु प्रसाद साह, ठेगानाः बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।
**ख. प्रभु प्रसाद साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३२०७९/२६४३४(२०६६/०३/१०/बारा), बाजेको नामः ठाकुर प्रसाद साह, बाबुको नामः नन्दलाल प्रसाद साह, ठेगानाः बारा जिल्ला, भ. जितपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।
**ग. सोनी कुमारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३-०२-७७-०२७७७(२०७७/११/१०/बारा), बाबुको नामः मिस्री प्रसाद, ससुराको नामः नन्दलाल प्रसाद साह, पतिको नामः बिरेन्द्र प्रसाद साह, ठेगानाः बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा., वडा नं. ७ ।

**४. ऋणीको नामः देव ईट्टा उद्योग**
(प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा दर्ता रहेको), दर्ता नं.: ४८३१/२९१, दर्ता मितिः २०७३/०३/०७, स्थायी लेखा नं.:१०२३६४४९७, ठेगानाः रौतहट जिल्ला, पोठीयाही गा.वि.स., वडा नं. ३ हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं. ६ ।

**प्रोप्राईटरः**
**देवेन्द्र कुमार चौधरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १६१९ (२०५८/६/२/रौतहट), बाजेको नामः लंगड साह कलवार, बाबुको नामः नथुनी प्र. चौधरी, ठेगानाः रौतहट जिल्ला, पोठीयाही गा.वि.स., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ता:**
**पुष्पा कुमारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२-०१-७१-०१९८२(२०७१/०३/३२/रौतहट), बाबुको नामः राम रतन चौधरी, ससुराको नामः नथुनी प्र. चौधरी, पतिको नामः देवेन्द्र कुमार चौधरी, ठेगानाः रौतहट जिल्ला, पोठीयाही गा.वि.स., वडा नं. ५ ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## जानकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दुर्गौली, कैलाली**
**सुदूरपश्चिमप्रदेश, नेपाल**

## बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

**(प्रकाशित मिति :- २०८२।१२।०६)**

यस कार्यालयको मिति २०८२/०९/२८ मा प्रभात दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु मुल्यांकन समितिको मिति २०८२/१२/०५ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भै स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

| क्र. सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | न्यूनतम मूल्यांकित कबोल अंक मू.अ.कर. सहित रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/JRM/GOODS/03/2082/083 | Supply and Delivery of Agricultural Ambulance | IME Motors Pvt. Ltd. Panipokhari, Kathmandu | ३१,८५,०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**




### घुमघामका लागि सन्नी लियोनी नेपालमा

बलिउड अभिनेत्री सन्नी लियोनी यतिबेला नेपाल घुमघाममा छिन् । उनी पति डेनियल वेभरसहित नेपाल आएकी हुन् । नेपाल भ्रमणको जानकारी उनले सामाजिक सञ्जालमा तस्बिर पोस्ट गर्दै दिएकी छन् । उनले बुधबार पति सहित नगरकोटको भ्यु टावर घुमेकी छन् । त्यहाँ घुमेको र दृश्यावलोकन गरेको तस्बिर तथा भिडियो सन्नी र डेनियलले सामाजिक सञ्जालमार्फत सेयर गरेका छन् । लियोनी र डेनियल यसअघि पनि पटक पटक नेपाल घुम्न आएका थिए । सन्नीले केही वर्ष पहिले प्रदर्शनमा आएको नेपाली फिल्म 'पासवार्ड' मा समेत नृत्य गरेकी थिइन् ।





# 'लालीबजारमा फरक भूमिकामा छु'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री स्वस्तिमा खड्काले सामाजिक विषयवस्तुमा आधारित रहेर तयार गरिएको चलचित्र 'लालीबजार' मा आफूले चाहेजस्तो काम गर्न पाएको र हालसम्म गरिरहेका भूमिकाभन्दा फरक रहेको बताएका छन् ।

उक्त चलचित्रको सार्वजनिक गीत तथा 'टिजर' लाई दर्शकले रुचाउँदै सकारात्मक प्रतिक्रिया दिएपछि पत्रकारसँग कुराकानी गर्दै अभिनेत्री खड्काले चलचित्र निर्माण गर्ने समूह षट्कोण आर्टसप्रतिको विश्वास र चलचित्रमा उठान गरिएको विषयवस्तुका कारण अभिनय गर्न थालेको एक दशकको यात्रा पार गरेपछि पहिलोपटक 'अडिसन' मार्फत चलचित्र 'लालीबजार' मा अभिनेत्रीका रूपमा अनुबन्धित भएको बताए ।

अभिनेत्री खड्काले भने, 'लालीबजार चलचित्रमा मैले अभिनेत्रीका रूपमा सोच्ने सबै काम गर्न पाएकी छु । यो विषयवस्तु मेरो लागि पनि नयाँ र फरक थियो । एउटा कलाकारका लागि यस्तो भूमिका निर्वाह गर्न पाउनु अवसर र चुनौती दुवै हो । मैले निर्वाह गरेको भूमिकाका बारेमा बिस्तारै खुल्दै गएपछि दर्शकले बुझ्नुहुन्छ । मैले हालसम्म गरेको कामभन्दा भिन्न छ ।'

उनले चलचित्रमा यौन पेसाकर्मी महिलाको भूमिका निर्वाह गरेकी छिन् । आगामी वैशाख १८ गतेदेखि प्रदर्शन हुने उक्त चलचित्रमा अभिनेत्री खड्कासँगै रवीन्द्रसिंह बानियाँ, बालकलाकार समाइरा थापा, मुकुन्द श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, नवअभिनेता विशाल देवकोटाले अभिनय गरेका छन् ।

चलचित्रलाई यम थापाले निर्देशन गरेका छन् । चलचित्रको पटकथा तथा संवाद निर्देशक थापासँगै अर्का निर्देशक प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन् । उक्त चलचित्रलाई दीपेश खत्री र रवीन्द्रसिंह बानियाँले संयुक्त रूपमा निर्माण गरेका हुन् ।

# डकुमेन्ट्री फिल्म 'स्नो लियोपार्ड सिस्टर्स' प्रिमियर




■ प्रभाव संवाददाता

**काठमाडौं–** डकुमेन्ट्री फिल्म 'स्नो लियोपार्ड सिस्टर्स' को बुधबार साँझ ललितपुरको लबिम मलमा नेपाल प्रिमियर गरिएको छ । डोल्पाका दुई आदिवासी महिला बिचको मित्रताको कथामा बनेको फिल्म सोनम चोकी लामा, बेन आयर्स र एन्ड्र्यू लिन्चले निर्देशन गरेका हुन् ।

फिल्मले स्थानीय हिमचितुवा संरक्षणकर्मी छिरिङ ल्हामु लामाले १७ वर्षीया तेन्जिन भुटी गुरुङलाई कसरी मार्गदर्शन गर्छिन् भन्ने यात्रा देखाउँछ । उनीहरू दुबै दुर्लभ र संकटग्रस्त हिमचितुवाको खोजीमा निस्कन्छन् । नेपाली फोटोग्राफर सोनम चोयकीले आफ्नी दिदी छिरिङ ल्हामु लामासँग मिलेर हिमचितुवाको खोज तथा संरक्षणको कामलाई आफ्नो दुर्गम मातृभूमिमा कैद गर्न सुरु गरेकी थिइन्, जुन पछि उनको पहिलो वृत्तचित्रका रूपमा विकसित भयो ।

फिल्मको कथा बेन आयर्स र एन्ड्र्यू लिन्चले लेखेका हुन् । सिनेमालाई इयान डेभिस, टोर्किल जोन्स, जोआना नतासेगारा र छिरिङ ल्हामु लामाले निर्माण गरेका हुन् । सोनम चोयकी लामा, एन्ड्र्यू लिन्च र रश स्टर्जेसले छायांकन गरेको फिल्म सम्पादन केटी ब्रायरले गरेका हुन् ।

यसको कार्यकारी निर्माता ओस्कार विजेता निर्देशक जोआना नतासेगारा र चर्चित हलिउड अभिनेता लियोनार्दो डिकाप्रियो छन् । यो डकुमेन्ट्रीले एक दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय सिनेमा महोत्सवहरूमा पुरस्कार जितिसकेको छ ।

# चलचित्र 'राम नाम सत्य'ले ल्यायो नयाँ गीत

**काठमाडौं (प्रस)–** चलचित्र 'राम नाम सत्य'को 'धागोले बाटेको' बोलको गीत अहिले चर्चामा छ । केही अघि सार्वजनिक गीतले युट्युबमा ४० लाख भन्दा बढी भ्यूज पाएको छ । यो गीत चलिरहेको समयमा निर्माणपक्षले नयाँ गीत 'हुम्लाको लिमी' सार्वजनिक गरेको छ । सार्वजनिक गीतमा एसडी योगी र गीताञ्जली थापा मगरको स्वर, एसडी योगीको संगीत र मौसम अर्यालको शब्द छ । रोमान्टिक शैलीको यो गीतको भिडियोलाई सियोन श्रेष्ठले कोरियोग्राफी गरेका हुन् ।

गीतमा फिल्मका मुख्य नायक विराज भट्ट र नव-नायिका खुशी कार्कीले नृत्य गरेका छन् । यो गीतको छायांकन दैलेखमा गरिएको हो । माइकल इन्टरटेन्मेन्टको हाउसको प्रस्तुतिमा तयार भएको यो फिल्ममा कथा, पटकथा तथा निर्देशन माइकल चन्दको छ । उपेन्द्र शाही र स्वेता बिमलीको लगानी रहेको फिल्मका कार्यकारी निर्माताहरूमा किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार छन् । मोती कार्की क्रियटिभ प्रोड्यूसर रहेको फिल्मका लाइन प्रोड्यूसर राजेन्द्र आचार्य हुन् । फिल्ममा बाबुल गिरी, अर्जुन पोखरेल, एसडी योगी र ओम स्पार्कको संगीत छ ।

फिल्ममा विराज भट्ट, सुनिल थापा, सुशिल श्रेष्ठ, प्रशान्त ताम्राकार, सुपुष्पा भट्ट, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, खुशी कार्की लगायतका कलाकारहरूको अभिनय छ ।





सूर्य नेपाल वेस्टर्न ओपन

# भुवनलाई एक स्ट्रोकको अग्रता

■ प्रभाव संवाददाता




**पोखरा –** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६औँ संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो दिन भुवन नगरकोटी एक स्ट्रोकको अग्रता सहित शीर्षस्थानमा रहेका छन् ।

बिहीबार ३-अन्डर ६६ खेलेका उनले समग्रमा ३-अन्डर १ सय ३५ को स्कोरमा शुक्र बहादुर राईलाई एक स्ट्रोकले पछि पारेका हुन् । २-अन्डर ६७ खेल्दै समग्रमा २-अन्डर १ सय ३६ सहित शुक्र दोस्रो स्थानमा झरे ।

१-ओभर ७० को स्कोर बनाएका जयराम श्रेष्ठ समग्रमा १-ओभर १ सय ३९ सहित तेस्रो स्थानमा झरेका छन् । समग्रमा २-ओभर १ सय ४० को स्कोरमा सञ्जय लामा चौथो स्थानमा उक्लिए । उनले लगातार दोश्रो दिन १-ओभर ७० को कार्ड बनाए । पहिलो दिनका संयुक्त लिडर भुबहादुर गुरुङले ५-ओभर ७४ को प्रदर्शन गरे । समग्रमा ५-ओभर १ सय ४३ सहित घरेलु प्रो भुबहादुर पाँचौं स्थानमा तल झरे ।

समग्रमा ६-ओभर १ सय ४४ स्कोर खडा गरेका रमेश अधिकारीले दोस्रो दिनको खेल ४-ओभर ७३ मा सकाए । उनी छैटौं स्थानमा रहे । समग्रमा ७-ओभर १ सय ४५ को स्कोरका साथ सुरेश तामाङ र भुवन कुमार रोक्काले सातौं स्थान बाँडे । सुरेशले २-ओभर ७१ र भुवनले ४-ओभर ७३ खेले । ४-ओभर ७३ स्कोर बनाएका रवि खड्का समग्रमा ८-ओभर १ सय ४६ सहित नवौं तथा समग्रमा ९-ओभर १ सय ४७ सहित नेपाल नम्बर एक गल्फर निरज तामाङ दशौं स्थानमा रहेका छन् । निरजले ४-ओभर ७३ को प्रदर्शन गरे ।

यसअघि लगातार दुई प्रतियोगिता जितेका भुवनले शीर्षस्थानमा एकल अग्रता बनाउने क्रममा फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । उनले तेस्रो, चौथो, पाँचौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गरे । ५-पारको छैटौं होलमा डबल बोगी खेपे । यसपछि १० औं र १३ औं होलमा एक-एक सट बचाउँदा ११ औं होलको बोगीले ब्याक नाइन १-अन्डर ३४ मा पुरा गरे ।

शुक्रले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाउने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बोगी खेपे । दोस्रो र छैटौं होलमा एक-एक सट बचाए । यसपछि ब्याक नाइनमा सम्हालिंदै ३-अन्डर ३२ को स्कोर निकाले । उनले १०औं, १५औं र १७औं होलमा बर्डीको सफलता प्राप्त गरे ।

जयरामले तेस्रो होलको बर्डीका विरुद्ध दोस्रो र चौथो होलमा बोगी प्रहार गर्दै फ्रन्ट नाइन १-ओभर ३५ खेले । यसपछि १०औं होलमा बर्डी र १८औं होलको बोगीले ब्याक नाइन इभन-पार ३५ मा सकाए ।

एमेच्योरतर्फ राहुल विश्वकर्मा ८ स्ट्रोकको अग्रता सहित शीर्षस्थानमा रहेका छन् । उनले ३-ओभर ७२ सहित समग्रमा ३-ओभर १ सय ४१ को स्कोर निकाले । पहिलो दिन संयुक्तरूपमा शीर्षस्थानमा रहेका राहुल समग्रमा भने पाँचौं स्थानमा झरे । किशन परियारले ३-ओभर ७२ मा दोस्रो दिनको खेल सकाए । उनले समग्रमा ११-ओभर १ सय ४९ स्कोर जोडे । एमेच्योरतर्फ यी दुईले मात्र कट बनाए ।

समग्रमा १२-ओभर १ सय ५० स्कोरमा कट लागु हुँदा १८ प्रो र २ एमेच्योर गरी २० जनाले अन्तिम दिनको लागी स्थान सुरक्षित गरे । प्रो तर्फ तोरण विक्रम शाही, रामे मगर, वसन्त राज गुरुङ, प्रदीप कुमार लामा, सुमन परियार, शिव कुमार माझी, दिनेश प्रजापति र दिपक मगरले कट बनाए । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको छ ।

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यो पटक कुल पुरस्कार राशि वृद्धि गरिएको छ । कुल १० लाख ५० हजार नगद पुरस्कार रहेको यो प्रतियोगिताको विजेताले १ लाख ७० हजार नगद पुरस्कार प्राप्त गर्नेछ । यस्तै दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश १ लाख २५ हजार र १ लाख रूपैयाँ प्राप्त गर्नेछन् । साथै शीर्ष १८ स्थानमा रहने अन्य प्रोफेसनल खेलाडीहरूले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# राष्ट्रिय लिगका खेल रोकियो

**काठमाडौं (प्रस)–** अध्यागमन विभागले 'ए' डिभिजन लिग च्याम्पियन चर्च बोइज युनाइटेड र उपविजेता मच्छिन्द्रसहित ७ फुटबल क्लबलाई छानबिनमा तानेपछि जारी राष्ट्रिय लिग रोकिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा जारी राष्ट्रिय लिगमा श्रम स्वीकृति र कार्यसहमतिबिनै पर्यटक भिसामा नेपाल ल्याएर विदेशी खेलाडी खेलाडी भन्दै ती क्लब अध्यागमन विभागको छानबिनमा तानिएका हुन् ।

विभागका अनुसार चर्च बोइज र मच्छिन्द्रसहित, संकटा, मनाङ मर्स्याङ्दी, सातदोबाटो युथ, जावलाखेल युथ र श्री भगवती क्लब टोखालाई छानबिनमा तानिएको हो । यी क्लबमा भित्रिएका विदेशी खेलाडीले श्रम स्वीकृति नलिएको र कार्यसहमति नगरेको भेटिएपछि छानबिन थालिएको विभागले जनाएको छ ।

योसँगै लिगका खेल रोकिएको एन्फाले जनाएको हो । एन्फाले बिहीबार एक सूचना जारी गर्दै म्याच नं ९७ र १००-१३६ का खेलहरू अर्को सूचना नआएसम्म रोकिएको जानकारी दिएको छ । '२०८२ पौष ३० गतेबाट संचालन भइरहेको राष्ट्रिय लिग प्रतियोगिता २०८२ अन्तर्गत म्याच नं ९७ र १००-१३६ का खेलहरू प्राविधिक कारणवश अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराउँछु,' एन्फा प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरले निकालेको सूचनामा भनिएको छ ।

विभागले पत्रमार्फत पर्यटक भिसा लिएर नेपाल आएका व्यक्तिहरूलाई उनीहरूको भिसाको उद्देश्यअनुसार मात्र गतिविधिमा संलग्न हुन पाउने व्यवस्था रहेको सम्झाउँदै खेलकुदमा सहभागी गराउनु नियमविपरीत हुने स्पष्ट पारेको छ । विभागका अनुसार विदेशी खेलाडीलाई प्रतियोगितामा सहभागी गराउनुपर्ने भएमा आवश्यक कार्य अनुमति तथा स्वीकृति लिनुपर्ने हुन्छ । यसअघि केही क्लबहरूले पर्यटक भिसामा आएका खेलाडीलाई खेलाएको जानकारी प्राप्त भएपछि यस्तो निर्देशन जारी गरिएको विभागले जनाएको छ ।

अध्यागमन विभागले नियमविपरीत कार्य गरेमा सम्बन्धित क्लब र खेलाडीमाथि कारबाही गरिने चेतावनीसमेत दिएको छ ।


**मानेभन्ज्याङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**मानेभन्ज्याङ, ओखलढुङ्गा**

**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/१२/०६**

यस कार्यालयको मिति २०८२/१०/२८ गते Okhaldhunga Jilla Manebhanjyang Gaupalika Wada No 8 Hitti-Raghavpur-Koltar-Bhalukhola-Kumling Sadak Nirman Tatha Staronnati 82/83 कार्यको लागि सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Bidding मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | MRM/NCB/8RCW/ 15/082/83 | के.बि.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,मध्यपुर थिमी- ०१, भक्तपुर | १९,७८,७६६।२० |

**प्रमुख प्रशासकीय अधिकृत**

# ऊर्जा संरचनामाथि आक्रमणले चर्कियो मध्यपूर्व युद्ध

**पेरिस–** मध्यपूर्वमा जारी युद्ध ऊर्जा पूर्वाधारलाई लक्षित आक्रमणसँगै थप गम्भीर मोडमा पुगेको छ । कतारको प्रमुख ग्यास हब रस लाफानमा इरानी आक्रमणपछि लागेको आगो नियन्त्रणमा लिइए पनि तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) उत्पादनमा व्यापक क्षति पुगेको जनाइएको छ, जसले विश्व ऊर्जा आपूर्तिमा अनिश्चितता थपेको छ । गृह मन्त्रालयका अनुसार नागरिक सुरक्षा टोलीले आगलागी नियन्त्रणमा लिए पनि साइट सुरक्षित बनाउने र चिस्याउने काम जारी छ ।

यसैबीच, इरानले यस वर्षको सुरुतिर भएको अशान्तिका क्रममा प्रहरी अधिकारीहरूको हत्या गरेको र अमेरिका तथा इजरायलको पक्षमा काम गरेको आरोपमा तीन जनालाई मृत्युदण्ड दिएको जनाएको छ । उता, कतारले आक्रमणको प्रतिक्रियास्वरूप केही इरानी कूटनीतिज्ञलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिएको छ ।

द्वन्द्वको तनाव थप चर्किँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतारको ग्यास पूर्वाधारमा थप आक्रमण भए इरानको विशाल दक्षिण पार्स ग्यास क्षेत्र नै ध्वस्त पार्ने चेतावनी दिएका छन् । ट्रम्पले इजरायलले सो क्षेत्रमा आक्रमण गरेको पुष्टि गरे पनि अमेरिकालाई त्यसबारे जानकारी नभएको दाबी गरेका छन् । यता, इरानले पनि आफ्नो ऊर्जा पूर्वाधारमा थप आक्रमण भए खाडी क्षेत्रका तेल र ग्यास उद्योग पूर्णरूपमा नष्ट गर्ने चेतावनी दिएको छ ।

क्षेत्रीय शक्तिहरू पनि क्रमशः सक्रिय बन्दै गएका छन् । साउदी अरेबियाले इरानबाट भइरहेका मिसाइल र ड्रोन आक्रमणको जवाफमा आवश्यक परे सैन्य कारबाही गर्न पछि नहट्ने जनाएको छ । संयुक्त अरब इमिरेट्सले मिसाइल अवरोधका क्रममा खसेको भग्नावशेषका कारण आफ्ना केही ग्यास सुविधा बन्द गर्नुपरेको बताएको छ । यसै क्रममा होर्मुज जलडमरू नजिकै एक जहाजमा प्रक्षेप्य लाग्दा आगलागी भएको खबर आएको छ, जसले अन्तर्राष्ट्रिय जलमार्गको सुरक्षामा चिन्ता बढाएको छ ।

युद्धको प्रभाव हवाई सेवामा पनि परेको छ । हङकङस्थित क्याथे प्यासिफिकले दुबई र रियादका उडानहरू अप्रिल अन्त्यसम्म स्थगित गर्ने निर्णय गरेको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले ऊर्जा र पानीजस्ता नागरिक पूर्वाधारमाथि आक्रमण रोक्न तत्काल कदम चाल्न आग्रह गर्दै सम्बन्धित पक्षहरूसँग छलफल गरेको जानकारी दिएका छन् ।

स्थलस्थितिमा पनि हिंसा जारी छ । इजरायलमा इरानी मिसाइल आक्रमणका क्रममा एक जनाको मृत्यु भएको पुष्टि भएसँगै मृतक संख्या १५ पुगेको छ । वेस्ट बैंकमा मिसाइलको भग्नावशेष खस्दा तीन प्यालेस्टिनी महिलाको ज्यान गएको छ भने अन्य केही घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ । यो द्वन्द्वमा प्यालेस्टिनीहरूको मृत्यु भएको पहिलो घटना मानिएको छ । इराकमा इरान समर्थक कातेब हिजबुल्लाह समूहले केही सर्तसहित अमेरिकी दूतावासमाथि आक्रमण पाँच दिनका लागि रोकेको जनाएको छ । उता, कुवेतले हिजबुल्लाहसँग सम्बद्ध १० जनालाई महत्त्वपूर्ण पूर्वाधारमा आक्रमणको षड्यन्त्र गरेको आरोपमा पक्राउ गरेको छ ।

युद्धका क्रममा इजरायलले वरिष्ठ इरानी अधिकारीहरूलाई लक्षित आक्रमण जारी राख्ने जनाएको छ । इरानी गुप्तचर मन्त्री इस्माइल खातिबको हत्या भएको दाबी गर्दै इजरायली सेनाले यस्तो अभियान नरोकिने स्पष्ट पारेको छ । यसै सन्दर्भमा इरानका सर्वोच्च नेता मोजताबा खामेनीले आक्रमणमा संलग्न पक्षले यसको मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् ।

यसबीच, साउदी राजधानी रियादमा फेरि विस्फोट सुनिएको छ भने रक्षा मन्त्रालयले ग्यास प्लान्टतर्फ गइरहेको ड्रोन नष्ट गरिएको जनाएको छ । युद्धकै प्रभावस्वरूप अमेरिकी फेडरल रिजर्भले आर्थिक अनिश्चितता बढेको उल्लेख गर्दै मुद्रास्फीतिको अनुमान बढाएको छ र ब्याजदर यथावत राखेको छ, जसले द्वन्द्वको विश्व अर्थतन्त्रमा पर्ने प्रभाव थप प्रस्ट पारेको छ । *रासस/एएफपी*

# होर्मुज अवरोधले खाडी क्षेत्रमा महँगी चर्कियो

**दुबई–** मध्यपूर्वमा जारी युद्धका कारण रणनीतिक स्ट्रेट अफ होर्मुज अवरुद्ध भएपछि खाडी मुलुकहरूमा खाद्य आपूर्ति प्रणालीमा गम्भीर दबाब परेको छ । यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा देखिन थालेको छ । बजारमा वस्तुको अभाव नभए पनि मूल्य तीव्ररूपमा बढ्न थालेपछि दैनिक जीवनयापन महँगिएको छ ।

बहराइनका एक उपभोक्ता महमुद अलीले सुपरमार्केटमा सामान सहजै पाइए पनि पछिल्ला दिनहरूमा केही खाद्य वस्तुको मूल्य उल्लेखनीय रूपमा बढेको बताए । उनका अनुसार विशेष गरी मासुको मूल्य झण्डै दोब्बर भएको छ । खाडीका अधिकांश देशहरूजस्तै बहराइन पनि खाद्य आपूर्तिका लागि आयातमा निर्भर रहेकाले आपूर्ति मार्गमा आएको अवरोधले सीधै मूल्यमा असर पारेको हो ।

फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु भएको इजरायल-अमेरिका आक्रमणपछि क्षेत्रीय द्वन्द्व चर्किंदा होर्मुज जलडमरू हुँदै हुने ढुवानी लगभग ठप्प भएको छ । यसले संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनका प्रमुख बन्दरगाहहरूमा कार्गो प्रशोधन या त स्थगित भएको छ वा उल्लेखनीयरूपमा घटाइएको छ । अर्थशास्त्री फ्रेडरिक स्नाइडरका अनुसार निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण हवाई ढुवानी पनि पूर्णक्षमतामा सञ्चालन हुन सकेको छैन ।

यस अवस्थाले खाडीका प्रमुख समुद्री प्रवेशद्वारहरू प्रभावहीन बनेका छन् । अबुधाबीका बन्दरगाह, दुबईको जेबेल अली र साउदी अरबको दम्मामजस्ता केन्द्रहरूमा आवागमन अवरुद्धजस्तै भएको छ भने जहाजहरू ओमान तथा स्ट्रेटको दक्षिणतर्फका वैकल्पिक बन्दरगाहतर्फ मोडिएका छन् । साउदी अरेबियाले भने खुला हवाई क्षेत्र र लाल सागरका बन्दरगाहमार्फत आफूलाई वैकल्पिक आपूर्ति केन्द्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ ।

ट्राफिक अवरोध समाधान गर्न साउदी अरबले पूर्वी बन्दरगाहबाट डाइभर्ट गरिएका कार्गो व्यवस्थापनका लागि नयाँ रसद मार्ग र सञ्चालन कोरिडोर थप्ने पहल सुरु गरेको जनाएको छ । कतारतर्फ जाने सीमाक्षेत्रमा भारी ट्रकहरूको आवागमन बढेको देखिएको छ, जसले भूमि मार्गको प्रयोग बढ्दै गएको संकेत गर्छ । यद्यपि, सिरिया वा जोर्डन हुँदै भूमध्यसागर जोड्ने स्थलमार्गहरू सीमित, महँगा र अपर्याप्त भएको विज्ञहरूको भनाइ छ ।

विशेषगरी ताजा खाद्य सामग्रीहरू सबैभन्दा बढी प्रभावित भएका छन्, किनकि ती प्रायः एसियाबाट आयात गरिन्छन् र लामो समयसम्म भण्डारण गर्न सकिँदैन । यस्तो अवस्थामा खाडी मुलुकहरूको तयारी फरक-फरक देखिएको छ । साउदी अरेबियासँग लाल सागरमार्फत वैकल्पिक पहुँच छ भने संयुक्त अरब इमिरेट्सले चारदेखि छ महिनासम्म पुग्ने भण्डार रहेको जनाएको छ । सन् २०१७ को नाकाबन्दीपछि कतारले पनि रणनीतिक भण्डारणमा उल्लेखनीय लगानी गरेको थियो ।

तर बहराइन र कुवेतजस्ता देशहरूले भने प्रत्यक्ष प्रभाव महसुस गर्न थालेका छन् । कुवेतमा प्रारम्भिक दिनमै सुपरमार्केटहरूमा भीड बढेपछि सरकारले केही आधारभूत वस्तुको मूल्य नियन्त्रण र अनुदानित मासु आयात स्थगित गर्ने कदम चालेको थियो । कुवेती अधिकारीका अनुसार समग्र मूल्य स्थिर देखिए पनि मासु र माछाको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ, जसको कारण माछा मार्ने गतिविधि रोकिनु र इरान, भारत तथा पाकिस्तानबाट आयात अवरुद्ध हुनु हो । निजी क्षेत्रले पनि आपूर्ति व्यवस्थापन गर्न प्रयास गरिरहेको छ । लुलु रिटेल चेनले गैरनाशवान वस्तुहरूको चारदेखि छ महिनासम्म पुग्ने भण्डार राखेको र ताजा खाद्यसामग्री ल्याउन विशेष उडान सञ्चालन गरिरहेको जनाएको छ । *रासस/एएफपी*

# इरान-कतार ऊर्जा तनावमा ट्रम्पको कडा चेतावनी

**दोहा–** मध्यपूर्वमा झण्डै तीन सातादेखि जारी युद्धले ऊर्जा सुरक्षामाथि गम्भीर असर पारिरहेको बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई लक्षित गर्दै कडा चेतावनी दिएका छन् । उनले यदि तेहरानले कतारका ऊर्जा पूर्वाधारमा आक्रमण जारी राखेमा, संयुक्त राज्य अमेरिकाले इरानको विशाल दक्षिण पार्स ग्यास क्षेत्रलाई व्यापकरूपमा ध्वस्त पार्ने चेतावनी दिए ।

हालैका आक्रमणहरूपछि विश्वबजारमा कच्चा तेलको मूल्य झण्डै पाँच प्रतिशतले बढेको छ, जसले आपूर्ति शृंखला दीर्घकालीनरूपमा प्रभावित हुन सक्ने चिन्ता बढाएको छ । इरानले कतारको रास लाफान एलएनजी केन्द्रसहित खाडी क्षेत्रका ऊर्जा संरचनामा शृंखलाबद्ध आक्रमण गरेको बताइएको छ, जुन इजरायलले दक्षिण पार्स क्षेत्रमा गरेको आक्रमणको प्रतिकारका रूपमा भएको जनाइएको छ ।

सामाजिक सञ्जालमार्फत ट्रम्पले इरानलाई आक्रमण रोक्न आग्रह गरेका छन् । उनले इरानले कतारमाथि आक्रमण रोकेमा इजरायलबाट थप आक्रमण नहुने दाबी गरे, साथै दक्षिण पार्समा इजरायलको अघिल्लो आक्रमणबारे अमेरिकालाई जानकारी नभएको उल्लेख गरे । तर चेतावनी दिँदै उनले इरानले अटेर गरे संयुक्त राज्य अमेरिकाले प्रत्यक्ष हस्तक्षेप गर्ने बताए ।

यसैबीच, होर्मुज जलडमरूमध्य हुँदै हुने तेल ढुवानीमा अवरोध उत्पन्न भएपछि ऊर्जा बजार थप अस्थिर बनेको छ । अमेरिकी-इजरायली आक्रमणपछि इरानमा हजारौंको ज्यान गएको अनुमान छ, तर तेहरानले अझै पनि मिसाइल र ड्रोन आक्रमण जारी राखेको छ । कतारको ऊर्जा कम्पनीका अनुसार रास लाफान क्षेत्रमा इरानी मिसाइल प्रहारपछि लागेको आगो नियन्त्रणमा लिइएको छ । उता साउदी अरेबियाले आफ्नो ऊर्जा पूर्वाधारमाथि ड्रोन आक्रमणको प्रयास विफल पारेपछि आवश्यक परे सैन्य प्रतिक्रिया दिने जनाएको छ ।

द्वन्द्वको मानवीय असर पनि बढ्दो छ । इजरायलमा इरानी क्षेप्यास्त्र प्रहारबाट एक विदेशी कामदारसहित मृत्यु हुनेको संख्या १५ पुगेको छ भने वेस्ट बैंकमा पनि मिसाइलका अवशेषले तीन महिलाको ज्यान लिएको छ । इरानमा उच्च तहका सुरक्षा अधिकारीहरूको हत्या क्रम जारी छ । गुप्तचर प्रमुखको हत्या भएपछि इरानी नेतृत्वले कडा प्रतिक्रिया जनाउँदै प्रतिशोधको चेतावनी दिएको छ । नयाँ सर्वोच्च नेतृत्वले 'रगतको मूल्य तिर्नुपर्छ' भन्दै आक्रोश व्यक्त गरेको छ ।

अमेरिकी गुप्तचर प्रमुखले इरानी शासन संरचना कमजोर भए पनि पूर्णरूपमा ध्वस्त नभएको बताएका छन् । यसबीच इरान समर्थित समूहहरूको सक्रियतासँगै लेबनान र इराकमा पनि तनाव फैलिएको छ । *रासस/एएफपी*

# पाकिस्तानमा वर्षाका कारण १७ जनाको मृत्यु, ३० घाइते

**इस्लामावाद–** पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराचीमा वर्षाका कारण कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको अधिकारीहरूले बताएका छन् ।

स्थानीय अधिकारी र उद्धार कर्मचारीहरूका अनुसार भारी वर्षाले सहरका पूर्वाधारमा प्रहार गरेपछि सहरका धेरै क्षेत्रहरूबाट हताहत भएको रिपोर्ट गरिएको छ । देशको दक्षिणी सिन्ध प्रान्तको राजधानी कराचीको बलदिया टाउन क्षेत्रमा वर्षका कारण पर्खाल ढलेपछि ११ जनाको मृत्यु भएको उद्धारकर्मीले बताएका छन् ।

कायद आबाद क्षेत्रमा घरको छत खसेपछि एक दम्पती र सहरका विभिन्न क्षेत्रमा अन्य छ जनाको मृत्यु भएको जनाइएको छ । कराचीका मेयर मुर्तजा वहाबले सहरमा हाल तीव्र हावासहित भारी वर्षा भइरहेको जानकारी दिँदै बासिन्दाहरूलाई अनावश्यक आवागमनबाट टाढा रहन आग्रह गरेका छन् ।

मेयरले सहरका धेरै क्षेत्रहरूमा वर्षाको पानी जम्मा भएको जनाउदै, यातायात र दैनिक जीवनमा बाधा पुर्‍याउने घटनाहरूको व्यवस्थापन गर्न सहरमा टोलीहरू पठाइएको बताएका छन् । सिन्धका मन्त्री नासिर हुसेन शाहले आँधीबेहरीपछि कराचीसहित प्रान्त भरी उच्च सतर्कता घोषणा गरेका छन् । पाकिस्तानको मौसम विभागले पश्चिमी मौसम प्रणालीको प्रभावमा बिहीबारसम्म कराची र सिन्धका अन्य भागहरूमा भारी हावा र असिनाका साथ वर्षा र आँधीबेहरीको पूर्वानुमान गरेको छ । *रासस/सिन्ह्वा*


## Pakaha Mainpur Rural Municipality
## Office Of The Rural Municipal Executive
**Pakaha Mainpur, Parsa**

### Notice Of Invitation For Bids

**First Date Of Publication: 20Th March 2026(2082/12/06)**

1. Pakaha Mainpur Rural Municipality invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S.N. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (Without VAT and including PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 02/PMRM/ NCB/W/ 2082/083 | Construction of Bazar Shed in Madhuwani, Pakahamainpur, ward no:-02, Parsa | 3,000.00 | **3,541,473.81** | 90 days | 1,00,000 /120 days |
| **Deadline for Bid Submission:** | | | 19th April 2026 till 12:00 Noon | | | |
| **Date, Time and Place of Bid Opening:** | | | 19th April 2026 at 1:00 PM at Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa | | | |
| **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Himalayan Bank Ltd.<br>Name of Office: Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa<br>Office Account no.: 26752840670098 | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Pakaha Mainpur Rural Municipality, Pakaha Mainpur, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.



## Chame Rural Municipality
## Office of the Rural Municipal Executive
**Chame, Manang**
**Gandaki Province, Nepal**

### Invitation for Electronic Bids

**First date of publication: 20 March, 2026**

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. Interested eligible bidders are requeste submit E-Bid only as per instruction within the mentioned period.

| S. N | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Buddha Park at Charche Danda Works. | CRM-Works/ 05/082/083 | 3000.00 | 42,87,279.40 | 105500.00 | |
| **Last date of bid submission : 19 April, 2026** | | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: Nepal Bank Ltd. Chame, Manang Nepal<br>Name of the Office: Chame Rural Municipality, Chame Manang Nepal<br>Office Code no: 801044001<br>Office Account no: Ga1.1(12803000001001000001)<br>Rajaswa (Revenue) Shrishak No: 14229 | Name of the Bank: Nepal Bank Ltd. Chame, Manang Nepal<br>Name of the Office: Chame Rural Municipality, Chame Manang Nepal<br>Office Code no: 801044001<br>Office Account no: 12803000003000000001 |

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२३०० | प्रति तोला – ० | प्रति तोला – ५०१० |



**फूल मेला** | फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)को आयोजनामा काठमाडौँको भृकुटीमण्डपमा भएको '२७औं फ्लोरा एक्स्पो २०८२' स्टलमा राखिएका विभिन्न प्रजातिका फूल। *तस्बिरः किरणराज विष्ट/रासस*

# लघुवित्तका उपलब्धी, समस्या र चुनौतिबारे छलफल हुने

■ प्रभाव संवाददाता



**काठमाडौं** – लघुवित्त कार्यक्रमको उपलब्धि, समस्या र चुनौतीबारे छलफल गर्दै भावी रणनीति तय गर्नका लागि यही चैत ८ र ९ गते काठमाडौंमा पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन हुने भएको छ।

नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्ने प्रमुख संस्थाको पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा हुन गइरहेको सम्मेलनमा नियामक निकाय, नीतिनिर्माता, सरकारी निकायका प्रतिनिधिहरू, लघुवित्त संस्थाका नेतृत्वकर्ता, सञ्चालक, लघुवित्तकर्मी, सेवाग्राही सदस्य गरी ५०० जनाभन्दा बढीको सहभागिता रहने आयोजकले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

'उद्यमशीलता फैलाऔं, युवालाई स्वरोजगार बनाऔं' भन्ने नारासहित दुई दिनसम्म चल्ने सम्मेलनमा सात वटा सत्रमा लघुवित्तका विविध आयाममा सामूहिक छलफल, अन्तरक्रिया तथा अनुभव आदानप्रदान गर्ने कार्यक्रम छ।

सम्मेलनमा 'लघुवित्त सदस्यहरूको अनुभव र उन्नतिबारे मनको कुरा', 'लघुवित्तको वर्तमान अवस्था, चुनौती र अवसर', 'सदस्यको आर्थिक तथा सामाजिक रूपान्तरणमा लघुवित्तको क्रेडिट प्लस कार्यक्रम', 'लघुवित्तमा सकारात्मक सोचको विकास र तनाव व्यवस्थापन', 'लघुवित्तमा प्रविधिको प्रयोग, चुनौती र सावधानीका उपाय', 'युवास्वरोजगार, तीन शून्य क्लब र लघुवित्त' र 'लघुवित्तमा आएको विकृति, विसंगति र विचलन नियन्त्रणमा सदस्य, कर्मचारी र संस्थाको भूमिका' विषयमा छलफल हुनेछ।

विश्वका १७७ वटा देशहरूमा लघुवित्त कार्यक्रम सञ्चालन भएकामा सदस्यहरूको सम्मेलन नेपाल एकमात्र देश रहेको पत्रकार सम्मेलनमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले बताए। 'लघुवित्तका नीतिनिर्माता तथा नियामकको सहभागितामा विश्व सम्मेलन, क्षेत्रीय तथा राष्ट्रिय सम्मेलन गर्ने प्रचलन छ', उनले भने, 'सदस्यहरूलाई सहभागिता गराई उनीहरूको सम्मेलन गर्ने नेपाल एकमात्र देश हो।' सदस्यहरू नै लघुवित्तको अभिन्न अंग भएको र उनीहरूलाई केन्द्रविन्दुमा राखी सम्मेलन हुँदै आएको उनको भनाइ छ।

स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई-दुई वर्षमा लघुवित्त सदस्य सम्मेलनको आयोजना गर्दै आएको छ।

गरिबी निवारण, महिला तथा विपन्न वर्गको आर्थिक तथा सामाजिक विकास, साक्षरता वृद्धि, दिगो विकासजस्ता आर्थिक तथा सामाजिक क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरूले भूमिका खेल्दै आएका छन्। लघुवित्तले चुलोचौकोमा सीमित महिलालाई स्वरोजगार बनाएको, महिला साक्षरता बढाएको, बालबालिकालाई विद्यालय पठाउन उत्प्रेरित गरेको र विदेशबाट फर्केका युवा लघुवित्तबाट ऋण लिएर स्वरोजगार बनेकाजस्ता सफल उदाहरणहरू रहेको श्रेष्ठले बताए।

# नेप्सेमा उछाल, ६४ अंकले परिसूचक बढ्दा २१ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ६४ दशमलव ६९ अंकले बढेर दुई हजार ८७७ दशमलव शून्य तीनको बिन्दुमा कायम भएको हो। यो दुई दशमलव ३० प्रतिशतको वृद्धि हो। बजार खुलेदेखि निरन्तर उकालो लागेको हो।

२४० कम्पनीको शेयर मूल्य बढ्दा २२ कम्पनीको घटेको छ भने दुई वटा कम्पनी स्थिर रहेका छन्। ३४२ कम्पनीको पाँच करोड ६९ लाख २० हजार ६०८ कित्ता शेयर एक लाख ९१ हजार २५१ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब २२ करोड ३४ लाख ९४ हजार ८८६ दशमलव ९८ को कारोबार भएको नेप्सेले जनाएको छ।





अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको छ। नेप्सेका अनुसार मंगलबार रु १२ अर्ब तीन करोड ४४ लाख छ हजार ३२८ बराबरको कारोबार भएकामा रु २१ अर्ब २२ करोड ३४ लाख ९४ हजार ८८६ मा पुगेको हो।

सबै समूहका सूचक बढेका छन्। विकास बैंक समूह सबैभन्दा बढी तीन दशमलव ९५ प्रतिशतले बढेको छ। बैंकिङ तीन दशमलव १६, फाइनान्स एक दशमलव ९४, होटल तथा पर्यटन एक दशमलव ७५, हाइड्रोपावर दुई दशमलव ३०, लगानी एक दशमलव ७७, जीवन बिमा दुई दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ८९, माइक्रोफाइनान्स एक दशमलव २४, निर्जीवन बिमा एक दशमलव ८०, अन्य एक दशमलव ९७ र व्यापार समूह शून्य दशमलव १४ प्रतिशतले बढेका छन्।

कर्पोरेट डेभलपमेन्ट बैंक, साल्पा विकास बैंक, रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी नेपाल लाइफ समृद्धि लगानी योजनाको शेयर मूल्य पाँच दशमलव १२ प्रतिशतले घटेको छ।

# मेची भन्सारद्वारा ११ अर्ब ५८ करोड राजस्व

**भद्रपुर (प्रस)**– मेची भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम आठ महिनामा रु ११ अर्ब ५८ करोड छ लाख ३० हजार राजस्व संकलन गरेको छ। यो सोही अवधिका लागि निर्धारण गरिएको लक्ष्यको ९६ दशमलव ०६ प्रतिशत हो।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईका अनुसार चालु आवको फागुन मसान्तसम्म रु १२ अर्ब पाँच करोड ५८ लाख ६९ हजार राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो। उनका अनुसार फागुन महिनामा मात्रै रु एक अर्ब ६५ करोड ८० लाख चार हजार राजस्व संकलन भएको छ। यो उक्त महिनाका लागि निर्धारण गरिएको लक्ष्यको ११० दशमलव २६ प्रतिशत हो।

चालु आवको आठ महिनामा भन्सार महसुल शीर्षकमा रु चार अर्ब ८९ करोड ३३ लाख, भन्सार महसुल निर्यात शीर्षकमा रु २२ करोड १७ लाख, भन्सारसम्बन्धी अन्य आय शीर्षकमा रु ६३ लाख ६४ हजार, निर्यात सेवा शुल्क शीर्षकमा रु छ लाख २९ हजार, कृषि सुधार शुल्क शीर्षकमा रु १० करोड ९६ लाख राजस्व संकलन भएको छ।

यसैगरी, अन्तःशुल्क आयात शीर्षकमा रु २९ करोड ४२ लाख २४ हजार, सडक मर्मत तथा सुधार दस्तुर शीर्षकमा रु ३९ करोड २३ लाख ८४ हजार, पूर्वाधार कर शीर्षकमा रु एक अर्ब २२ करोड १२ लाख ८० हजार, स्वास्थ्य जोखिम कर वैदेशिक उत्पादन शीर्षकमा एक लाख २१ हजार, मूल्य अभिवृद्धि कर (आयात) शीर्षकमा रु चार अर्ब २० करोड १८ लाख ८७ हजार र हरित कर शीर्षकमा रु १३ करोड २३ लाख ५४ हजार राजस्व संकलन भएको छ।

कार्यालयले चालु आव २०८२/०८३ का लागि कूल रु १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व संकलन गर्ने वार्षिक लक्ष्य राखिएको सूचना अधिकारी हुमागाईले जानकारी दिए।

# बाख्रापालनमा निर्भर धारापानीका बासिन्दा

**कञ्चनपुर**– यहाँ जिल्लाको शुक्लाफाँटा नगरपालिका-८, चुरे फेदीस्थित धारापानी बस्तीका अधिकांश परिवारको जीविका परम्परागत बाख्रापालनमै निर्भर रहेको छ। बस्तीका नौ परिवारले बाख्रापालनलाई मुख्य पेसा बनाएर घरायसी खर्च धान्दै आएका छन्। कृषियोग्य जमिन कम भएको र वैकल्पिक आम्दानीको अभावका कारण यहाँका बासिन्दा बाख्रापालनमै आश्रित भएका हुन्।

स्थानीय साइमले धामीले आफूलगायत यहाँका धेरैजसो परिवारले बाख्रापालनबाटै जीविको चलाइरहेको बताए। उनले हाल ४० वटा बाख्रा पाल्दै आएका छन्। धामीका अनुसार उनले वर्षमा छ देखि १० वटासम्म खसी बिक्री गर्दै आएका छन्। 'खसी बेचेर आएको पैसाले घरको नुन, तेल, लत्ताकपडा र अन्नपानीको जोहो मिलाउने गर्छौं,' उनले भने। यहाँ जिउँदो खसी प्रतिकिलो करिब रु ५०० का दरले बिक्री हुने गरेको छ। धारापानी बस्ती खोला नजिकै रहेकाले अधिक बलौटे र ढुंगे माटोका कारण उब्जनी राम्रो हुँदैन। त्यसमाथि बाँदरले अन्नबाली सखाप पार्ने समस्या पनि छ।

'अन्नबाली लगाउँदा बाँदरले नोक्सान गरिदिन्छन्, त्यसैले हाम्रो लागि बाख्रापालन नै एक मात्र भरपर्दो आम्दानीको स्रोत बनेको छ', धामीले थपे, 'बाख्रापालनबाट वार्षिक रु ५० हजारदेखि रु एक लाखसम्म आम्दानी हुने गरे पनि त्यो रकमले घरधन्दा चलाउन मात्र ठिक्क हुने गरेको छ।'

यहाँ वन क्षेत्र प्रशस्त भएकाले बाख्रा चराउन समस्या छैन। स्थानीय बालाराम गौतमले २४ वटा बाख्रा पालिरहेको बताए। बाख्रापालन आम्दानीको मुख्य स्रोत भए पनि त्यसको व्यवसायीकरणमा भने समस्या रहेको बताए। 'यहाँ बाख्रा बिरामी भए उपचार पाइँदैन, कतिपय अवस्थामा उपचार नपाएर खोर नै रित्तो हुने गरेको छ', उनले गुनासो गरे, 'परम्परागत तरिकाले गोठमा राखेर बाख्रापालन गर्दै आएका छौं। उन्नत जातका बाख्रापालन गरे उत्पादन र आम्दानी दुवै बढ्ने सुनिए पनि हामीले त्यसअनुसार गर्न सकेका छैनौं।'

उनका अनुसार आवश्यक ज्ञान, सीप र लगानी भए बाख्रापालनलाई गुजारामुखीभन्दा पनि बलियो आम्दानीको स्रोत बनाउन सकिने गौतमको बुझाइ छ। 'हामीसँग खरी जातका बाख्रा छन्, तौल कम हुने भएकाले मूल्य पनि कम पाइन्छ' उनले भने,'दुई दशकभन्दा बढी समयदेखि बाख्रापालन गर्दै आए पनि आधुनिक प्रविधि र तालिमको अभावले अपेक्षित प्रगति गर्न सकिएको छैन। सरकारबाट तालिम र अनुदानको व्यवस्था भए हामीलाई धेरै सहज हुन्थ्यो।'

बस्तीका अन्य किसानहरू पनि उस्तै समस्याबाट जुझिरहेका छन्। साइमले र बालारामजस्तै सुरेन्द्र महराले ४०, मूल्याल साहुले ३५ र मोहन महराले १७ वटा बाख्रापालन गर्दै आएका छन्। उनी सबैको जीविका यसै व्यवसायमा निर्भर छ।

पछिल्लो समय चितुवाको आक्रमणले किसानहरू थप समस्यामा परेका छन्। सुरेन्द्र महराका अनुसार दैनिकजसो चितुवाले बाख्रा मार्ने गरेको छ। वनमा चराउन पठाएका बाख्रामध्ये दिनमै दुईदेखि चार वटासम्म चितुवाले मारेर खाने गरेको उनले दुःखेसो पोखे। 'चितुवाले बाख्रा नखाएको दिन नै हुँदैन। रातदिन भोक-निन्द्रा नभनी बाख्राको स्याहारसुसारमा लागेका छौं, तर चितुवाले यसरी नोक्सान गर्दा निकै पीडा भएको छ। यस समस्याका कारण बाख्रापालन व्यवसाय विस्तार गर्नसमेत कठिन भएको छ', महराले भने।

स्थानीय मोहन महराका अनुसार वन क्षेत्र नजिकै भएकाले चितुवाको जोखिम उच्च रहेको छ। बाख्रा चराउन पठाउँदा सुरक्षा व्यवस्था नहुँदा किसान सधैं त्रासमा बस्न बाध्य छन्। 'पशु स्वास्थ्य सेवा, तालिम, उन्नत जातका बाख्रा, गोठ सुधार र बिमा जस्ता सुविधाको अभावले पछाडि परेका छौं', उनले भने, 'सरकारी तथा गैरसरकारी निकायबाट आवश्यक सहयोग प्राप्त भए बाख्रापालन व्यवसायलाई व्यवस्थित र लाभदायक बनाउन सकिन्छ।'

धारापानी बस्तीका बासिन्दाले बाख्रापालनलाई दिगो र सुरक्षित बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। पशु उपचार सेवा विस्तार, तालिमको व्यवस्था, अनुदान कार्यक्रम र वन्यजन्तु नियन्त्रणका उपाय तत्काल लागू गर्न यस क्षेत्रका बासिन्दाले माग गरेका छन्। *रासस*

# २७औं फ्लोरा एक्स्पो सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं**- फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा २७औं फ्लोरा एक्स्पो बिहीबारदेखि सुरु भएको छ। 'स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक सम्बृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नाराका साथ आजदेखि सुरु भई चैत ८ गतेसम्म भृकटीमण्डपको प्रदर्शनी हलमा सञ्चालन हुनेछ।

मेलाको उद्घाटन गर्दै बागमती प्रदेश, कृषि तथा पशुपंक्षी विकासमन्त्री मधुसुदन पौडेलले पुष्प व्यवसायलाई परिस्कृत बनाउन थप कार्यक्रम र नीतिगत सुझाव पाएको खण्डमा बागमती सरकार सहयोगका लागि सधैं तत्पर रहने बताए। उनले भने, 'यो प्रतिष्पर्धी व्यवसाय हो। यसलाई प्रविधियुक्त बनाउन आवश्यक छ। पुराना बिरुवालाई संरक्षण र नयाँलाई प्रवर्द्धन गर्न आवश्यक देखिन्छ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले पुष्प व्यवसाय रोजगारी र समृद्धिको महत्वपूर्ण क्षेत्र भएको बताउँदै यसले बढ्दो सहरीकरणसँगै बढाएको आमनागरिकमा रहेको मानसिक चापलाई पनि सन्तुलनमा राख्न योगदान पुऱ्याएको बताए।

एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठले हाल ५२ जिल्लामा लगभग २७० हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भइरहेको जनाउँदै पुष्प व्यवसायमा प्रत्यक्ष/अप्रत्यक्ष गरेर ५३ हजार ५०० भन्दा बढी जनशक्तिले रोजगारी गरिरहेका बताए। उनले कृषिका केही नीति परिमार्जन गरी लागू गरेकाले आयात गरी उत्पादन गर्नुपर्ने पुष्प तथा पुष्पजन्य वस्तुमा नीतिगत समस्या देखिएको बताए।

पुष्प व्यवसायीले समयमा आवश्यक बीउबिजन तथा बिरुवा आयात गर्न नसक्दा आन्तरिक पुष्पको वार्षिक कारोबारमा कमी आएको अध्यक्ष श्रेष्ठले उल्लेख गरे। उनका अनुसार एक्स्पो अवधिभित्र करिब ६० हजार अवलोकनकर्ताद्वारा अवलोकन हुने तथा एक करोड २० लाख भन्दा बढीको व्यावसायिक कारोबार हुने अपेक्षा गरिएको छ।

एक्सपोमा ६५ वटा स्टल रहेका छन्। मेलामा मौसमी फूल, फूल फूल्ने तथा नफूल्ने आलंकारिक बोटबिरुवा, कटफ्लवार, ड्राइफ्लावर, सुनाखरी, कम्पोष्ट मल, फूलको गानो, बिउबिजन, ग्रीनहाउस, कृषि औजार, उपकरण, प्याकेजिङका सामग्री, थोपा सिँचाइ प्रविधि, आधुनिक पुष्पखेती प्रविधि, जैविक विषादी, विभिन्न प्रकारका गमला, पुष्प सजावटका प्रदर्शनी तथा बिक्री कक्ष रहेका छन्।

पुष्प व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनका लागि फ्लोरिकल्चर एसोसिएसन नेपालले विसं २०५१ देखि निरन्तर रूपमा हरेक वर्ष क्षेत्रीय तथा राष्ट्रियस्तरको पुष्प मेला/प्रदर्शनी आयोजना गर्दै आइरहेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ